# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ९० | काठमाडौं | आइतबार, ६ साउन २०८१ | Prabhab National Daily | Sunday, July 21, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**विपत्तिबाट बचौं र बचाऔं**

- विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
- बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,
- विपत्तिमा परेकालाई उद्धार र पुनःस्थापनामा सहयोग गरौं,
- विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
- पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
- बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड


बागमती प्रदेश

# मुख्यमन्त्रीमा दाबी गर्दै कांग्रेस



**सालिकराम जम्कट्टेल**
**मुख्यमन्त्री**



**बहादुरसिंह लामा**
**कांग्रेस संसदीय दलका नेता**

- मुख्यमन्त्री सालिकराम जम्कट्टेलले आज विश्वासको मत लिँदै
- मुख्यमन्त्री सालिकराम जम्कट्टेलले विश्वासको मत पाउने निश्चित जस्तै भएकोले कांग्रेस-एमालेको गठबन्धनबाट मुख्यमन्त्रीमा दाबी गर्ने तयारी
- कांग्रेस संसदीय दलका नेता बहादुरसिंह लामा नयाँ मुख्यमन्त्री बन्ने

**बागमती–** नेपाली कांग्रेस संसदीय दलका नेता बहादुरसिंह लामाले बागमती प्रदेशको मुख्यमन्त्रीमा दाबी पेस गर्ने तयारी गरेका छन् । मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई विश्वासको मत नदिने निर्णय गरिसकेको नेपाली कांग्रेस र नेकपा एमालेले कांग्रेस संसदीय दलका नेता लामालाई मुख्यमन्त्रीमा नियुक्त गर्न प्रदेश प्रमुखसमक्ष दाबी पेस गर्ने तयारी गरेका हुन् ।

'दुई दलबीच पहिला नै मुख्यमन्त्रीमा कांग्रेसले दाबी पेस गर्ने सहमति भइसकेको छ,' लामाले भने, 'कांग्रेस संसदीय दलको नेताको हैसियतले मुख्यमन्त्रीका लागि मेरो दाबी पेस हुन्छ, हाम्रो पार्टीभित्र मुख्यमन्त्रीका लागि कुनै विवाद छैन ।' नयाँ मुख्यमन्त्री नियुक्तिको प्रक्रिया सुरु हुनासाथ बहुमत प्रदेशसभा सदस्यको हस्ताक्षरसहित मुख्यमन्त्रीमा कांग्रेसका नेता लामाले दाबी पेस गर्ने सहमति भएको एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले बताए ।

(क्रमशः पृष्ठ २ मा)

## लुम्बिनीमा आजै विश्वासको मत

**काठमाडौं (प्रस)–** लुम्बिनी प्रदेशका मुख्यमन्त्री जोखबहादुर महराले आज विश्वासको मत लिने भएका छन् । आज दिउँसो १ बजे बस्ने लुम्बिनी प्रदेशसभाको चौथो अधिवेशनको २४औं बैठकमा उनले विश्वासको मत लिन लागेको प्रदेशसभा सचिव दुर्लभकुमार पुनले बताए ।

सरकारमा रहेको एमालेले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री महराले विश्वासको मत लिन लागेका हुन् । केन्द्रमा सत्ता समीकरण फेरिएसँगै त्यसको प्रभाव प्रदेशमा पनि परेको छ । लुम्बिनीमा एमाले र कांग्रेसले नयाँ सरकार बनाउन कसरत गरिरहेका छन् ।

(क्रमशः पृष्ठ २ मा)

# सात बुँदे सहमति सार्वजनिक गर्न दबाब



फाइल तस्बिर



हाम्रो समर्थनमा बन्नुभएका प्रधानमन्त्रीले विश्वासको मत लिँदै गर्दा, संसद्मा आफ्नो विचारहरु राख्दै गर्दा, सात बुँदा के हो भन्ने कुरा त्यहाँ पढेर सुनाउनुपर्छ । समझदारीमा भएका कुराहरु संसद्बाटै सबैले थाहा पाउनुपर्छ ।

**गगन थापा**
**महामन्त्री, नेपाली कांग्रेस**

**मोहनप्रसाद पन्त**

**काठमाडौं–** मुलुकमा यतिबेला संसद्को पहिलो दल नेपाली कांग्रेसको साथ लिएर दोस्रो ठूलो दल नेकपा एमालेले सरकारको नेतृत्व गरिरहेको छ । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकार ढालेर नयाँ सरकार बनाउन यी दुई दलबीच सात बुँदे सहमति भएको बताइएको छ । तर, सहमतिका बुँदाहरू आजसम्म सार्वजनिक नगरिँदा आमजनमानसमा मात्रै नभई पार्टीभित्रैबाट आशंका प्रकट हुन थालेका छन् ।

नयाँ सत्ता समीकरण निर्माणका क्रममा दुई दलबीच भएको भनिएको सहमतिअनुसार पहिलो चरणमा एमाले अध्यक्ष केपी शर्मा ओली डेढ वर्षसम्म प्रधानमन्त्री रहने बताइएको छ । त्यसपछिको डेढ वर्ष चुनावी सरकारको नेतृत्व कांग्रेस सभापति शेरबहादुर देउवाले गर्ने सहमति भएको बताइन्छ । सहमतिअनुसार नै अहिले ओली प्रधानमन्त्री बनेका छन् ।

गत असार १७ गते व्यवसायी रामेश्वर थापाको घरमा कांग्रेस सभापति देउवा र एमाले अध्यक्ष ओलीबीच सातबुँदे सहमतिपत्रमा हस्ताक्षर भएको बताइन्छ । तर, सहमतिका सात बुँदामा के-के छन् भन्ने अझै रहस्यमा नै छ ।

- कांग्रेस-एमालेबीच भएको सात बुँदे सहमति गुपचुप राखिएकोमा आलोचना
- सहमतिका बुँदा सार्वजनिक गर्न सत्तारूढ दलकै नेताहरूबाट माग
- प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्र, रास्वपालगातबाट सहमति सार्वजनिक गर्न दबाब,
- संविधान संशोधनको विषयलाई लिएर आशंका
- सहमति जस्ताको तस्तै बाहिर ल्याइने प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमालको भनाइ

उक्त सहमतिबारे जनताले थाहा पाउनुपर्नेमा स्वयं दुई दलका नेताहरूसमेत यस विषयमा अनभिज्ञ देखिन्छन् । सम्झौतापत्रमा के-के बुँदा समेटिएको छ भन्नेमा देउवा-ओलीसहित दुई दलका सीमित नेताहरू मात्र जानकार रहेको बुझिएको छ ।

यतिखेर प्रधानमन्त्री ओलीमाथि कांग्रेस सभापति देउवासँग भएको सम्झौता सार्वजनिक गर्नुपर्ने दबाब बढ्दै गएको छ । दुई शीर्ष नेताबीच भएको सम्झौता सार्वजनिक गर्नुपर्ने माग कांग्रेसका नेताहरूले गरेका छन् । कांग्रेस महामन्त्री गगन थापाले कांग्रेस-एमालेबीच भएको सहमति प्रधानमन्त्री ओलीले आज विश्वासको मत लिँदा संसद्बाटै सार्वजनिक गर्नुपर्ने बताए ।

आफैं हस्ताक्षरकर्ता भएकाले उक्त सहमति सार्वजनिक गर्नु प्रधानमन्त्री ओलीको जिम्मेवारी भएको थापाले बताए । ४२औं बिपी स्मृति दिवसको अवसरमा शनिबार आयोजित एक कार्यक्रममा महामन्त्री थापाले सात बुँदे सहमति आफूहरूले पढेको र कांग्रेसले त्यसैअनुसार कार्यसम्पादन समिति र संसदीय दलबाट निर्णय गरेको उल्लेख गरे । उनले प्रधानमन्त्री ओलीले संसद्बाटै यसलाई सार्वजनिक गर्नु उपयुक्त हुने बताएका हुन् । असार ३० गते प्रधानमन्त्री नियुक्त भएर शपथ लिएका ओलीले आज संसद्मा विश्वासको मत लिँदै छन् ।

(क्रमशः पृष्ठ २ मा)

## आज विश्वासको मत लिँदै प्रधानमन्त्री

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाको आज बस्ने बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले विश्वासको मत लिँदै छन् । संसद्मा कुनै पनि दलको बहुमत नभएको अवस्थामा दुई वा सोभन्दा बढी दलको समर्थनमा नियुक्त प्रधानमन्त्रीले पदमा नियुक्त भएपछि ३० दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था रहेको छ ।

आज दिउँसो १ बजे प्रतिनिधिसभाको बैठक राखिएको छ । उक्त बैठकमा विश्वासको मत लिने कार्यसूची राख्न प्रधानमन्त्री ओलीले यही असार २ गते संघीय संसद् सचिवालयलाई पत्राचार गरेका थिए । नेपालको संविधानको धारा ७६ को उपधार (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले धारा ७६ को उपधारा (४) बमोजिम त्यसरी नियुक्त गरिएको मितिले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने प्रावधान रहेको छ ।

नेपाली कांग्रेस र नेकपा एमालेबीच गत असार १७ गतेको सहमतिका आधारमा एमालेका अध्यक्ष ओलीले नेपालको संविधानको धारा ७६ (२) बमोजिम गत असार ३० गते प्रधानमन्त्रीमा नियुक्त भएका हुन् । दुई ठूला दलबीचको सहमतिपछि अल्पमतमा परेका तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले गत असार २८ गतेको संसद् बैठकमा विश्वासमा मत प्राप्त गर्न सकेका थिएनन् ।

नयाँ प्रधानमन्त्री ओलीको विपक्षमा नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी र नेकपा एकीकृत समाजवादी रहने स्पष्ट देखिएको छ, भने कांग्रेस, एमालेसहित अधिकांश दलले विश्वासको मत दिने देखिएको छ । एमालेले आफ्ना अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीको विश्वासको मतदान हुने दिन अनिवार्य उपस्थित हुन र पक्षमा मत दिन ह्वीप जारी गरिसकेको छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# सेवा शुल्क बढाउन प्रधानमन्त्री ओलीसँग माग

**प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि नेपाली कामदार विदेश पठाउँदा लिइने सेवा शुल्क बढाउनुपर्ने माग गर्दै म्यानपावर व्यवसायीले प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाएका छन् । मलेसियालगायत मध्यपूर्वका मुलुकहरूमा नेपाली कामदार पठाएबापत १० हजार रूपैयाँमात्र सेवा शुल्क लिन पाउने व्यवस्थाले व्यवसायीहरू अन्यायमा परेको भन्दै प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले सेवा शुल्क वृद्धि गर्नुपर्ने माग राख्दै शनिबार प्रधानमन्त्री ओलीलाई ज्ञापनपत्र बुझाएको हो ।

सरकारले दक्षिण कोरिया तथा इजरायल कामदार पठाउँदा सरकारी स्रोत साधन प्रयोग गरेर पनि एक लाख रूपैयाँभन्दा बढी लिने गरेको उल्लेख गर्दै व्यवसायीले आफ्नो स्रोत साधनको प्रयोग गरी व्यवसाय प्रवर्द्धन गर्न सेवा शुल्कबापत लिने १० हजार रूपैयाँले नपुग्ने मञ्चले उल्लेख गरेको छ । ज्ञापनपत्रमा प्रतिस्पर्धी मुलुकमा भएको सेवा शुल्कसम्बन्धी व्यवस्थाको अध्ययन गरी अन्तर्राष्ट्रिय प्रचलनअनुसार समयसापेक्ष सेवा शुल्क परिमार्जन गरिए राज्य कोषमासमेत करबापत ठूलो रकम संकलन हुने बताइएको छ । नेपालजस्तै कामदार आपूर्ति गर्ने दक्षिण एसिया र आसियाना मुलुकहरूमा भएका अभ्यासलाई मध्यनजर गरी एक महिनाको तलबबराबरको सेवा शुल्क लिने व्यवस्था मिलाउन प्रधानमन्त्री ओलीसँग आग्रह गरिएको छ ।



सेवा शुल्कबापत एक महिनाको तलबबराबरको रकम लिन पाउने व्यवस्था कार्यान्वयन भएमा राज्यलाई आयकरबापत प्रतिवर्ष करिब पाँच अर्ब रूपैयाँ प्राप्त हुने मञ्चले प्रधानमन्त्री ओलीलाई जानकारी दिएको छ । सेवा शुल्क १० हजार रूपैयाँमात्रै लिन पाउने व्यवस्थाका कारण व्यवसायी मर्कामा पर्नुका साथै कार्यान्वयनमा असहजता हुनुका साथै रोजगारीको अवसर गुम्न गई कामदार र रोजगारदाता समेतलाई गम्भीर असर पर्नेमा ध्यानाकर्षण गराइएको मञ्चले जनाएको छ ।

मञ्चले वार्षिक रूपमा रोजगारीका लागि १०० जना कामदार विदेश अनिवार्य पठाउनुपर्ने बाध्यतात्मक प्रावधानले अप्ठ्यारो अवस्था सिर्जना भई व्यवसायीहरू व्यवसायबाट पलायन हुनुपर्ने अवस्था आएकाले बाधा अड्काउ फुकाउमार्फत नवीकरण गराई व्यवसायीलाई काम गर्ने वातावरण निर्माण गराइदिन पनि माग गरेको छ । यसरी एक आर्थिक वर्षमा कम्तीमा १०० जना कामदार वैदेशिक रोजगारीमा पठाएको प्रमाणित हुने कागजात पेस गरेर मात्र नवीकरण गर्ने प्रावधानले वैदेशिक रोजगार अमर्यादित र अपारदर्शी भएको भन्दै व्यावहारिक पक्षलाई विद्यमान ऐन/नियमावलीले नदेखेको पनि मञ्चले उल्लेख गरेको छ ।

> सरकारले दक्षिण कोरिया तथा इजरायल कामदार पठाउँदा सरकारी स्रोत साधन प्रयोग गरेर पनि एक लाख रूपैयाँभन्दा बढी लिने गरेको उल्लेख गर्दै व्यवसायीले आफ्नो स्रोत साधनको प्रयोग गरी व्यवसाय प्रवर्द्धन गर्न सेवा शुल्कबापत लिने १० हजार रूपैयाँले नपुग्ने मञ्चले उल्लेख गरेको छ ।

विश्वबजारमा हुने हरेक समस्याको कारण १०० जना कामदार पठाउन नसकिने वा त्यो भन्दा बढी पनि पठाउनसक्ने अवस्था आउने जानकारी दिइएको छ । लामो समयदेखि वैदेशिक रोजगारमा कामदार पठाउने व्यवसायीहरूले सीमित देश र रोजगारदाता कम्पनीसँग निश्चित कामदार संख्यामात्र लाने सर्तमा काम गर्दै आएका कारण १०० संख्या पुर्‍याउन नसकिने मञ्चको भनाइ छ ।

(क्रमशः पृष्ठ २ मा)




# हनुमन्ते बस्तीमा पस्दा भक्तपुर जलमग्न



**भक्तपुर (प्रस)–** भक्तपुरको सहरी क्षेत्रमा पानी नपरे पनि शनिबार साँझदेखि उर्लेर आएको हनुमन्ते नदी भक्तपुरको बस्तीमा पसेपछि जलमग्न भएको छ। काभ्रेको नाला, भक्तपुरको ताथलीलगायत क्षेत्रमा परेको भीषण वर्षाका कारण काभ्रेदेखि आएको बाढी हनुमन्तेमा नदीभन्दा माथि उर्लिएपछि बस्तीमा पसेको हो।

भक्तपुरको थुसाचामा पुलमाथि बाढी पसेपछि जगातीबाट च्यामासिंह जाने सडक नै अवरुद्ध भएको थियो । बाढी नदीबाट माथि आएर सडकबाट खोला बगेको थियो। आसपासका घर एवं बस्तीमा पानी पसेको छ ।

भक्तपुरको हनुमानघाट, सूर्यविनायकका राम मन्दिर, शान्ति निकेतन माध्यमिक विद्यालय, बाराहीस्थानलगायत क्षेत्रमा बाढी बस्तीमा पसेर डुबानमा परेको छ । राम मन्दिर, बाराही स्थानका मन्दिर, विद्यालय र नदी किनारका बस्तीमा पानी पसेको हो ।

हनुमन्ते नदीमा आएको बाढीका कारण भक्तपुर नगरपालिका क्षेत्रको राम मन्दिर, बाराही क्षेत्रदेखि हनुमन्ते नदी किनाराका मध्यपुरथिमि क्षेत्रको राधेराधे, सूर्यविनायकको बालकोट, चारदोबाटो र हनुमन्ते नदीको सहायक नदी एवं खोलाहरूमासमेत बाढीको बहाव बढेको छ । बाढी पसेपछि जगाती, च्यामासिंह, हनुमानघाट, बाराहीस्थानको जनजीवन प्रभावित भएको छ ।

भक्तपुरको विभिन्न वर्षा मापन केन्द्र एवं जल तथा मौसम विज्ञान विभागले शनिबार साँझ हनुमन्ते खोला जगातीको जलमापन केन्द्रमा जलसतह सतर्कता तहमा पुगेको नदी तटीय क्षेत्रमा बाढीको जोखिममा रहेकाले उच्च सतर्कता अपनाउन सन्देश एवं सूचना जारी गरेको थियो ।

भक्तपुरकी प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठले बाढी, पहिरो र डुबानबाट हुन सक्ने क्षति न्यूनीकरण गर्न प्रशासनले सुरक्षा तह, चारवटै नगरपालिका र नेपाल रेडक्रस सोसाइटीलाई उच्च तयारीका साथ राखिएको जानकारी दिइन् ।

# किशोरीको यौन तथा प्रजनन स्वास्थ्य अधिकार सुरक्षित गर्न माग

**काठमाडौं–** महिला तथा किशोरीको यौन तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गर्न माग गरिएको छ । संविधान प्रदत्त सो अधिकार सुनिश्चित गर्न राज्यले नयाँ नीति बनाउन र यसलाई कार्यान्वयन गर्न माग गरिएको छ ।

विशेषगरी लागुपदार्थ प्रयोगकर्ता महिला तथा किशोरी हिंसाको जोखिममा पर्ने जनाउँदै यसलाई अन्त्य गर्न राज्यले विशेष नीति तथा कार्यक्रम ल्याउन माग गरिएको हो । संयुक्त राष्ट्रसंघीय लागुऔषध तथा अपराध नियन्त्रण कार्यालय (युएनओडिसी), नेपाल परिवार नियोजन संघ, दृष्टि नेपालको संयुक्त सहकार्यमा आयोजित यौन तथा प्रजनन स्वास्थ्य अधिकार विषयक तालिमका सहभागीले लागुपदार्थ प्रयोगकर्ता महिला तथा किशोरी, एचआइभी संक्रमित बढी मात्रामा हिंसामा पर्ने गरेको, अपहेलित हुनुपरेको र राज्यका तर्फबाट आफ्ना लागि बजेट विनियोजन नभएको गुनासो गरेका थिए ।

लागुपदार्थ प्रयोगकर्ता महिला तथा किशोरीहरूका लागि यौन तथा प्रजनन स्वास्थ्य अधिकार कसरी सुनिश्चित गर्ने ध्येयले आयोजित सो दुई दिने तालिममा सुरक्षित गर्भपतन, एचआइभी एड्स तथा यौन संक्रमण, यसको जोखिमता न्यूनीकरणका उपाय तथा सुरक्षित व्यवहारका बारेमा जानकारी पनि दिएको थियो ।

तालिममा विशेषगरी भर्खर लागुपदार्थ प्रयोग गर्न सुरुआत गरेका, एचआइभी संक्रमित र यौनिक तथा लैंगिक अल्पसंख्यक पनि सहभागिता रहेको थियो । उनीहरूलाई नेपाल परिवार नियोजन संघका सेवा प्रदायक चिकित्सक र विषय विज्ञद्वारा यौन तथा प्रजनन स्वास्थ्य अधिकारका विविध आयमका बारेमा जानकारी प्रदान गरिएको थियो ।

तालिमको शुभारम्भमा युएनओडिसीकी रिना पाठकले महिलाको यौन तथा प्रजनन स्वास्थ्य अधिकारलाई सुनिश्चित गर्न यस क्षेत्रमा लगानी बढाउन आवश्यक रहेको बताइन् । उनले भनिन्, 'महिला तथा किशोरीलाई हिंसाको जोखिम हुन यस्ता तालिम महत्त्वपूर्ण हुन्छन् ।' दृष्टि नेपालकी अध्यक्ष परिना सुब्बाले लागुपदार्थ प्रयोगकर्ता महिला तथा किशोरीका लागि राज्यले विशेष कार्यक्रम ल्याउनुपर्ने बताइन् । उनले भनिन्, 'लागुपदार्थ प्रयोगकर्ता महिला तथा किशोरी, एचआभी/एड्स संक्रमित, तेस्रो लिंगीको यौन तथा प्रजनन स्वास्थ्य अधिकार रक्षा गर्नु आवश्यक छ ।'

संघकी सञ्चार तथा पैरवी अधिकृत जमूना सिटौलाले सामान्य अवस्थाका साथै विपद्का समयमा ती समुदाय अझ बढी हिंसामा पर्न सक्ने चर्चा गर्दै यस्ता समुदायलाई सेवाबाट वञ्चित हुन नदिन सचेतना आवश्यक पर्ने बताइन् । उनले भनिन्, 'त्यस्तो अवस्थामा कसरी कहाँ र कोसँग समन्वय गर्ने भन्ने पनि सूचना प्रदान गर्नुपर्छ, यस्तो अवस्थामा संघद्वारा सञ्चालित हेल्पलाइन सेवामा सम्पर्क गर्नुपर्छ ।'

तालिमपश्चात् सहभागीको पाठेघरको मुखको क्यान्सर (स्क्रिनिङ), यौन संक्रमण तथा अन्य सेवाहरू संघका केन्द्रीय क्लिनिकमा निःशुल्क उपलब्ध गराइएको थियो । सञ्चार तथा पैरवी अधिकृत सिटौलाले भनिन्, 'संघले अब केही दिनभित्र लागुपदार्थ प्रयोगकर्ताको सुधार गृहमा गएर सचेतना साथै स्वास्थ्य शिविर आयोजना गर्न लागेको छ ।' *रासस*

पृष्ठ १ बाट क्रमशः

## सात बुँदे...

'हाम्रो समर्थनमा बन्नुभएका प्रधानमन्त्रीले विश्वासको मत लिँदै गर्दा, संसद्मा आफ्नो विचारहरू राख्दै गर्दा, सात बुँदा के हो भन्ने कुरा त्यहाँ पढेर सुनाउनुपर्छ,' महामन्त्री थापाले भने, 'समझदारीमा भएका कुराहरू संसद्बाटै सबैले थाहा पाउनुपर्छ ।'

संसद्मा दुई ठूला दलबीच भएको समझदारीलाई लिएर आशंका उब्जिएको भन्दै उनले हस्ताक्षरकर्ता नै प्रधानमन्त्री बनिसकेकाले संसद्बाटै समझदारी सार्वजनिक गर्ने जिम्मेवारी ओलीको भएको बताए । कांग्रेस वा एमाले भएका कारण गैरकानुनी काममा छुट पाउन थालेमा सुशासनको कुरा जति गरे पनि अर्थ नहुने महामन्त्री थापाको भनाइ छ ।

यसअघि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की सांसद सोविता गौतमले प्रधानमन्त्री ओलीले शपथ लिएकै दिन असार ३१ गते बसेको प्रतिनिधिसभा बैठकमा सात बुँदे सहमति सार्वजनिक गर्न माग गरेकी थिइन् । 'मध्यरातमा दुई ठूला दलहरूले सम्झौता गरेर नयाँ सरकार गठन गरेको छ । राजनीतिक सिद्धान्तमा दुई ध्रुवमा बाँडिएका दलहरू मिलेर यो सरकार गठन भएको छ, यो सामान्य कुरा होइन,' उनले भनेकी थिइन् । गौतमले कांग्रेस-एमालेबीच किन र कसरी समझदारी भएको हो त्यो सम्झौताबारे नागरिकलाई सु-सूचित गर्न माग गरेकी थिइन् ।

यस्तै प्रतिपक्षीय भूमिकामा पुगेको माओवादी केन्द्रले पनि एमाले र कांग्रेसबीच भएको सहमति सार्वजनिक गर्नुपर्नेमा जोड दिएको छ । माओवादीका सांसद माधव सापकोटाले अमुकरूपमा सहमति गरी जनतामा भ्रम सिर्जना हुने काम नगर्न सचेत गराउँदै सहमति भएका विषयलाई जनतासामु सार्वजनिक गर्न माग गरे । 'संविधान संशोधनलगायत लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामाथि नै प्रश्न उठ्ने गरी सम्झौता गरिएको भन्ने कुराले संशय सिर्जना भएको छ,' उनले भने, 'सम्झौता भएको विषय सबैले थाहा पाउनुपर्छ, त्यो प्रधानमन्त्रीले सार्वजनिक गर्नुपर्छ ।' सम्झौता सार्वजनिक नगरिए वा जनताको हितविरुद्ध गए आन्दोलनको विकल्प नभएको माओवादी केन्द्रले चेतावनी दिएको छ ।

अन्य दलले सहमतिका बुँदा सार्वजनिक गर्न माग गर्नु स्वाभाविक भए पनि सत्ता साझेदार कांग्रेसकै नेताहरूबाट यस्तो माग आएपछि प्रधानमन्त्री ओली दबाबमा परेका छन् । सहमतिमा संविधान संशोधनको विषय समेटिएको भन्ने कुरालाई विशेष चासोका साथ लिइएको देखिन्छ । दुई दलका नेताहरूले वर्तमान निर्वाचन प्रणालीमा सुधार गर्नका लागि संविधान संशोधन गरिने बताउँदै आएका छन् । दुई दलले समानुपातिक प्रणाली हटाएर प्रत्यक्ष निर्वाचन मात्र कायम गर्न चाहेका छन् । तर, माओवादी केन्द्रले पिछडिएका वर्ग, जाति, समुदायको प्रतिनिधित्व गर्न गरिएको व्यवस्था हटाउन नहुने बताउँदै आएको छ ।

यसैबीच नेकपा एमालेका उपमहासचिव एवं प्रधानमन्त्री ओलीका प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमालले सहमति जस्ताको तस्तै बाहिर आउने बताएका छन्। शनिबार साँझ अनलाइनखबर डटकममा प्रकाशित अन्तवार्तामा उनको उक्त भनाइ आएको हो । 'त्यो सहमति जस्ताको तस्तै बाहिर आउँछ । भोलि सायद प्रधानमन्त्रीले विश्वासको मत लिने बेला यो कुरा राख्नुहुन्छ,' अन्तर्वार्तामा रिमालले भनेका छन्, 'मेरो बुझाइमा भोलि (आइतबार)सम्म कुरौं । लुकाउनुपर्ने जरुरी छैन । अपारदर्शी गरेर के फाइदा छ र ?' उनले दुई दलबीच सत्ता चलाउने समझदारी भएको उल्लेख गर्दै त्यो समझदारीको सर्तनामा आइतबार बाहिर आउने बताएका छन् ।

●●●

## आज विश्वासको...

सोही विषयमा निर्णय लिन नेपाली कांग्रेस संसदीय दलको बैठक आज बिहान बस्दै छ । विश्वासको मत पाउन १३८ मत आवश्यक पर्छ । प्रधानमन्त्री ओलीले सहजै उक्त मत पाउने अवस्था छ। किनकि कांग्रेस-एमालेसँग मात्रै १६६ सांसद रहेका छन् ।

कांग्रेस-एमाले कित्तामा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) नेपाल, अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा), डा. सिके राउत नेतृत्वको जनमत पार्टी, महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी, रञ्जिता श्रेष्ठ चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टीलगायत छन् । यी दलले विश्वासको मत दिँदा प्रधानमन्त्री ओलीलाई दुई तिहाइभन्दा बढी मत प्राप्त हुने छ । विपक्षमा रहेका दलहरू माओवादी केन्द्रसँग ३२, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का २१ र एकीकृत समाजवादी पार्टीका १० सांसद गरी ६३ सांसद मात्र रहेका छन् ।

●●●

## मुख्यमन्त्रीमा दाबी...

'मुख्यमन्त्री जम्कट्टेलले भोलि (आइतबार) विश्वासको मत लिनुहुन्छ, उहाँले विश्वासको मत पाउन नसकेपछि नयाँ मुख्यमन्त्री चयनको प्रक्रिया सुरु हुन्छ,' थपलियाले शनिबार भने, 'प्रदेश प्रमुखले मुख्यमन्त्रीमा दाबी गर्न आह्वान गर्नुहुन्छ र त्यसलगत्तै हाम्रो दुई दलको तर्फबाट कांग्रेसका नेताले मुख्यमन्त्रीमा दाबी पेस गर्नुहुन्छ ।'

संघीय सरकार निर्माणका क्रममा भएको नयाँ राजनीतिक समीकरणपश्चात् बागमती सरकारबाट एमाले बाहिरिएपछि मुख्यमन्त्री जम्कट्टेलले प्रदेशसभाबाट विश्वास लिन लागेका हुन् । विश्वासको मतका लागि आज दिउँसो १ बजे प्रदेशसभाको बैठक आह्वान गरिएको छ । प्रदेशसभामा प्रतिनिधित्व गर्ने दलमध्ये कांग्रेस, एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीले मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत नदिने निर्णय गरेका छन् । कूल ११० सदस्यीय प्रदेशसभामा कांग्रेसका ३७, एमालेका २७, नेकपा माओवादी केन्द्रका २१, राप्रपाका १२, नेकपा एकीकृत समाजवादीका सात, नेमकिपाका तीन र हाम्रो नेपाल पार्टीका दुईजना प्रदेशसभा सदस्य छन् ।

जसमध्ये कांग्रेस र एमालेले मुख्यमन्त्री कट्टेललाई विश्वासको मत नदिने निर्णय गरिसकेका छ । राप्रपा पनि मुख्यमन्त्रीलाई विश्वासको मत नदिने मनस्थितिमा छ । राप्रपा संसदीय दलका नेता उद्धव थापाले मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत नदिने कुरामा एकमत रहेको बताए ।

प्रदेशसभाका तीन दलले विश्वासको मत नदिने भएपछि मुख्यमन्त्री जम्कट्टेल नेतृत्वको प्रदेश सरकार परिवर्तन हुने निश्चितजस्तै छ । मुख्यमन्त्री जम्कट्टेलले प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्न असफल भएपछि कांग्रेस-एमाले गठबन्धनको तर्फबाट मुख्यमन्त्रीमा दाबी पेस गर्ने तयारी भएको कांग्रेस संसदीय दलका नेता लामाले जानकारी दिए । कांग्रेसभित्र संसदीय दलका नेता लामा र इन्द्रबहादुर बानियाँबीच सरकारको नेतृत्वलाई लिएर विवाद छ । केन्द्रबाट हस्तक्षेप नभए वा दलको नेता परिवर्तन नभएको खण्डमा लामा नै मुख्यमन्त्री बन्ने सम्भावना बलियो रहेको कांग्रेसका प्रदेशसभा सदस्यहरूले बताएका छन् ।

### विश्वासको मतका पक्षमा तीन दल

बागमती प्रदेशका मुख्यमन्त्री जम्कट्टेललाई माओवादी केन्द्रसहित तीन दलले विश्वासको मत दिने भएका छन् । आज बस्ने प्रदेशसभा बैठकमा मुख्यमन्त्री जम्कट्टेलले विश्वासको मत लिँदै छन् । मुख्यमन्त्री जम्कट्टेललाई माओवादी केन्द्र, एकीकृत समाजवादी र हाम्रो नेपाल पार्टीले विश्वासको मत दिने भएको हो । तीनवटा दलको केही दिनअघि बसेको संयुक्त बैठकले मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत दिने निर्णय गरेको एकीकृत समाजवादीका प्रदेशसभा सदस्य डा राजेन्द्रमान श्रेष्ठले जानकारी दिए ।

'हाम्रै सहमतिमा मुख्यमन्त्रीज्यूले विश्वासको मत लिन लाग्नुभएको हो, हाम्रै अनुरोधमा प्रदेशसभा बैठक बोलाइएको हो,' श्रेष्ठले भने, 'त्यसैले हामी मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत दिन्छौं, हामी एक ठाउँमा छौं ।' प्रदेशसभामा माओवादी केन्द्रका २१, एकीकृत समाजवादीका सात र हाम्रो नेपाल पार्टीका दुईजना प्रदेशसभा सदस्य छन् । रासस

●●●

## लुम्बिनीमा आज...

लुम्बिनीमा एमालेका २९ र कांग्रेसका २७ सांसद छन् । त्यस्तै माओवादी केन्द्रका १० सांसद छन् । साना दल राप्रपा र नागरिक उन्मुक्तिका चार-चारजना, लोकतान्त्रिक समाजवादी र जनमत पार्टीका तीन-तीनजना, अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) र उपेन्द्र यादव नेतृत्वको जसपा नेपालमा दुई-दुईजना तथा नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाका एक-एकजना तथा एक जना स्वतन्त्र सांसद छन् । कूल ८७ सांसद रहेको लुम्बिनीमा बहुमतका लागि ४४ सांसद आवश्यक पर्छ ।

●●●

## सेवा शुल्क...

विभिन्न कारणले व्यवसायीहरूले कामदार पठाउन नसकेको अवस्थालाई मध्यनजर गर्दै बिगत वर्षहरूमा जस्तै वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८२ को बाधा अड्काउ फुकाउने अधिकार प्रयोग गरी नवीकरण गराई सहजरूपमा व्यवसाय सञ्चालन गर्ने व्यवस्था मिलाइदिन पनि आग्रह गरिएको छ ।

त्यसैगरी अमेरिका तथा युरोपका विभिन्न देशबाट वैदेशिक रोजगारका लागि प्राप्त भएका मागपत्र सम्बन्धित देशमा नेपाली दूतावास नभएका कारण समयमै प्रमाणीकरण हुन नसक्दा आकर्षक रोजगारीको अवसर गुम्दै गएको मञ्चले उल्लेख गरेको छ । म्यानपावरमार्फत कामदार पठाउन नसकिएको फाइदा उठाउँदै गैरकानुनीरूपमा बिचौलियाहरूले सामाजिक सञ्जालको प्रयोग गरी असुरक्षित र अनाधिकृतरूपमा कामदार पठाउने र आर्थिक शोषण तथा ठगीका घटनाहरू बढ्दै गएका कारण तत्कालै मागपत्र प्रमाणीकरण हुने व्यवस्था मिलाइदिन पनि मञ्चले प्रधानमन्त्री ओलीसँग आग्रह गरेको छ । हाल युरोपको ४० हजारभन्दा बढी मागपत्र 'पेण्डिङ'मा रहेको उल्लेख गर्दै खाडी मुलुकबाट बिस्तारै युरोपियन मुलुकमा स्थानान्तरण गरी दक्ष कामदार पठाउने, मानवअधिकारका हिसाबले सुरक्षित र आकर्षक तलब सुविधा पाउने काममा पठाई धेरै विप्रेषण भित्र्याउने नीतिलाई कार्यन्वयनमा ल्याउन अनलाइनबाटै मागपत्र प्रमाणीकरण गर्ने व्यवस्था मिलाइनुपर्ने माग गरिएको छ ।

स्वदेशमा पर्याप्त रोजगारीको अवसर सिर्जना नहुँदासम्म विकल्पको रूपमा रहेको वैदेशिक रोजगारलाई नीतिगत र व्यावहारिकरूपमा सुधार गरी पारदर्शी, मर्यादित र व्यवस्थित बनाउनुपर्ने माग राख्दै प्रधानमन्त्री ओलीलाई ज्ञापनपत्र बुझाइएको मञ्चका अध्यक्ष जनक रावलले बताए ।

'हामीले वैदेशिक रोजगार क्षेत्रमा भएको समस्या र व्यवसायीले खेप्दै आएको पीडालाई सम्बोधन हुनेगरी पहल गरिदिन आग्रह गर्‍यौं,' उनले भने, 'प्रधानमन्त्रीज्यूले वैदेशिक रोजगार र व्यवसायीको समस्या बुझेको भन्दै समाधन गर्ने बताउनुभएको छ ।' प्रधानमन्त्री ओलीले राज्यको अर्थतन्त्रमा महत्त्वपूर्ण हिस्सा ओगटेको वैदेशिक रोजगार क्षेत्रमा काम गर्ने व्यवसायीहरूको समस्या हल गर्ने गरी वर्तमान सरकारले काम गर्ने प्रतिवद्धता जनाएको रावलले जानकारी दिए ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**आइतबार, ०६ साउन, २०८१**

| | |
|---|---|
| **मेष** | अप्ठ्यारा परिस्थितलाई सहज बनाउन सहिनेछ । |
| **वृष** | व्यस्तताले शरिर कमजोरीको अनुभुति हुने । |
| **मिथुन** | धार्मिक मनोवृद्धि, सेवामुलक काम गरिनेछ । |
| **कर्कट** | सेवामुलक कामबाट धनलाभ प्राप्त हुने । |
| **सिंह** | मिहिनेतले उपलब्धि हासिल हुने । |
| **कन्या** | बिछोडिएका आफन्तहरूसँग रमाइलो भेटघाट । |
| **तुला** | आत्माविश्वासको कमीले काममा पछिपरिने । |
| **वृश्चिक** | हडबड गर्नाले काममा बाधा पुग्ने । |
| **धनु** | काममा प्रतिस्पर्धा बढ्न सक्छ । |
| **मकर** | टाढाको यात्राको सम्भावना हुनेछ । |
| **कुम्भ** | स्वास्थ्यमा ध्यान पुर्‍याउनु पर्ने छ । |
| **मीन** | मिहिनेत गरे केही न केही उपलब्धि हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ / ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

**६ साउन, २०८१ (२१ जुलाई, २०२४)**

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.३६ | १३३.९६ |
| युरो | १ को | १४५.२४ | १४५.८९ |
| पाउन्ड स्टिर्लङ | १ को | १७२.८८ | १७३.६६ |
| स्विस फ्रैन्क | १ को | १४८.९१ | १४९.५८ |
| अस्ट्रेलियन डलर | १ को | ९०.३३ | ९०.७४ |
| क्यानाडियन डलर | १ को | ९७.९१ | ९८.३५ |
| सिँगापुर डलर | १ को | ९९.३३ | ९९.७७ |
| जापानी येन | १० को | ८.३९ | ८.४३ |
| चिनियाँ युआन | १ को | १८.३९ | १८.४७ |
| साउदी अरब रियाल | १ को | ३५.५६ | ३५.७२ |
| कतारी रियाल | १ को | ३६.५७ | ३६.७४ |
| थाई भाट | १ को | ३.६९ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.३१ | ३६.४७ |
| मलेसियन रिङेट | १ को | २८.५६ | २८.६९ |
| दक्षिण कोरियन वन | १०० को | ९.६९ | ९.७४ |
| स्विडिस क्रोनर | १ को | १२.६४ | १२.७० |
| डेनिस क्रोनर | १ को | १९.४७ | १९.५५ |
| हङकङ डलर | १ को | १७.०८ | १७.१६ |
| कुवेती दिनार | १ को | ४३६.४४ | ४३८.४१ |
| बहराइन दिनार | १ को | ३५३.८० | ३५५.३९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।



**बागमती नदीको बाढी** | काठमाडौंको पशुपतिनाथ मन्दिर परिसरमा रहेको बागमती नदीमा शनिबार साँझ परेको वर्षाले आएको बाढी ।

*तस्बिरः विमलबहादुर बिष्ट/रासस*

# मनसुनी विपद्बाट मृतकका परिवारलाई राहत निकासा

**काठमाडौं (प्रस)–** मनसुनी विपद्मा परी ज्यान गुमाएका ६९ जनाका परिवारलाई मापदण्डअनुरूप दुई लाख रूपैयाँका दरले राहत वितरणका लागि जिल्ला विपद् व्यवस्थापन कोषमा निकासा गरिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार अहिलेसम्म मृत्यु भएका ६९ जनाका परिवारका लागि एक करोड ३८ लाख निकासा भएको र उक्त रकमबाट कतिपय जिल्लाले प्रक्रिया पुऱ्याएर पीडितपरिवारलाई राहत वितरण पनि गरिसकेका छन् ।

मनसुनको अवधिमा सबै प्रकृतिका विपद्मा परेर अहिलेसम्म १२५ भन्दा बढीको मृत्यु भइसकेको छ। त्यसमा सबैभन्दा बढी बाढीपहिरो र चटचाङका कारण मानवीय क्षति भएको छ । मनसुनका समयमा यही देशभर परेको भारी वर्षाका कारण विपद्का घटना बढेपछि उच्च जोखिममा रहेका १२५ जनालाई सुरक्षा निकायद्वारा जीवित्तै उद्धार गर्न सफल भएको पनि प्राधिकरणले जानकारी गराएको छ ।

प्राधिकरणका प्रवक्ता उपसचिव डा. डिजन भट्टराईले





ओखलढुंगा, ताप्लेजुङ, कालीकोट र बझाङलगायत जिल्लाबाट हेलिकप्टरमार्फत उद्धार गरिएको पनि जानकारी दिए । शुक्रबारमात्रै गएको एक महिनामा भएको मनसुनी विपद्को अवस्था प्रतिवेदन सार्वजनिक गर्दै प्राधिकरणले जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रसलगायत संघ संस्थाद्वारा प्रभावित परिवारलाई खाद्यान्न तथा गैरखाद्य वस्तु वितरण गरिएको जानकारी दिएको छ ।

प्रतिवेदनअनुसार मनसुनबाट प्रभावित परिवारलाई तत्काल राहतस्वरूप १५ हजारदेखि २० हजार रूपैयाँसम्म वितरण गरिएको जनाइएको छ । प्रवक्ता भट्टराईका अनुसार रेडक्रसबाट हालसम्म ७४५ थान तारजाली, २९५ थान ब्ल्यांकेट, २०५ थान म्याट्रेस, १२५ थान भाँडाकुँडा, १०० थान झुल, २२५ थान सरसफाइ किट, एक हजार १३८ मिटर कपडा उपलब्ध गराइएको र गृह मन्त्रालयमातहत निकायबाट ५२० थान त्रिपाल, ५० थान टेन्ट, ३०० थान ब्ल्यांकेट, १०० थान म्याट्रेस र ५० थान स्लिपिङ ब्याग उपलब्ध गराइएको छ ।

उनले समन्वयात्मकरूपमा विपद् व्यवस्थापनको काम जारी रहेको जानकारी दिए । यसपालि मनसुनको सुरुआत महिनामै भारी वर्षाले जनधनको क्षति गराएको छ ।

# वैकल्पिक माध्यमबाट पानी वितरण गर्न खानेपानीमन्त्रीको निर्देशन

**काठमाडौं (प्रस)–** खानेपानीमन्त्री प्रदीप यादवले काठमाडौंवासीलाई मेलम्चीको पानी उपलब्ध नभएसम्म वैकल्पिक माध्यमबाट वितरण गर्न निर्देशन दिएका छन् । शनिबार सुन्दरीजलस्थित मेलम्ची सुरुङ आउटलेटको निरीक्षण गर्ने क्रममा उनले वर्षायाममा मेलम्चीबाट पानी ल्याउन नसकिने अवस्थामा अन्य स्रोतबाट पानी व्यवस्थापन गर्न निर्देशन दिएका हुन् ।



उनले काठमाडौंवासीका लागि बाह्रै महिना सफा, शुद्ध र स्वच्छ पानी उपलब्ध गराउन आग्रह गरे । उनले भने, 'मानिसको जीवनमा सबैभन्दा महत्त्वपूर्ण पानी हो, काठमाडौंमा वर्षभरि सफा, शुद्ध र स्वच्छ पानी वितरण गर्न जे आवश्यक पर्छ, त्यो गर्नूस्, बजेट, आधुनिक उपकरण र जनशक्ति जे चाहिन्छ मन्त्रालयबाट म व्यवस्था गर्छु ।'

मन्त्री यादवले हाल काठमाडौंमा पानीको अभावले जनजीवन कष्टकर बन्दै गएको उल्लेख गर्दै वैकल्पिक स्रोत प्रयोग गरेर पानी आपूर्ति गर्न निर्देशन दिए । उनले बागमती नदीको पानी र भूमिगत पानीलाई प्रशोधन गरी वितरणको व्यवस्था मिलाउन आग्रह गरे ।

मन्त्री यादवले काठमाडौंमा आधुनिक पानी प्रशोधन केन्द्रहरूको स्थापना, पुराना पाइपलाइनको मर्मत तथा पुनर्निर्माण, डिजिटल प्रणालीबाट पानी वितरणको निगरानी गर्ने योजना पनि सुनाए । उनले भने, 'पानी वितरणलाई प्रभावकारी बनाउन र जनतालाई सन्तुष्ट पार्न हामीले डिजिटल प्रणालीबाट पानी वितरणको निगरानी गर्नेछौं ।'

मन्त्री यादवले काठमाडौंमा मात्र नभइ देशका अन्य स्थान, विशेष गरी तराई-मधेसमा देखिएको पानीको समस्याप्रति पनि चिन्ता व्यक्त गरे । उनले मधेसमा चापाकल (हचाण्ड पम्प) सुक्दा निम्तिएको समस्यालाई समाधान गर्न पनि काम गरिरहेको जानकारी दिए । मन्त्री यादवले मेलम्ची सुरुङ आउटलेटसँगै मेलम्ची खानेपानी प्रशोधन केन्द्र, बागमतीबाट प्रशोधन केन्द्रमा आउने पानीको प्रणाली, पानी प्रशोधन ल्याब, सुपरभिजन कन्ट्रोल एन्ड डेटा एक्युजिसन सेन्टरलगायतको निरीक्षण गरेका थिए ।

# 'सार्वजनिक निकायले सूचना दिए सरकारप्रतिको विश्वसनीयता बढ्छ'

**काठमाडौं (प्रस)–** संविधान एवं कानुनअनुसार सार्वजनिक निकायले दिनुपर्ने सूचना दिएमा नागरिकमा सरकारप्रतिको विश्वसनीयता बढ्ने भएकाले सूचना दिने संस्कृतिको विकास गर्नुपर्नेमा जोड दिइएको छ । सूचनाको हकका लागि राष्ट्रिय महासंघले शनिबार गोकर्णेश्वर नगरपालिकामा आयोजना गरेको 'सूचनाको हकको प्रवर्द्धनका लागि सरोकारवालाको भूमिका' विषयक अन्तर्क्रिया कार्यक्रममा सांसद शान्ति श्रेष्ठले सूचनाको हकले पारदर्शिता र जवाफदेहितालाई प्रवर्द्धन गर्ने भएकाले यसले भ्रष्टाचार एवं अनियमितता रोक्न योगदान गर्ने बताइन् ।

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य मनोज दुवाडीले प्रत्येक नेपाली नागरिकलाई सूचनाको हक भएकाले माग्नै नपर्नेगरी सार्वजनिक निकायले नियमितरूपमा काम कारबाहीलाई पारदर्शी तरिकाले सार्वजनिक गर्नुपर्नेमा जोड दिए । नेपालको संविधान २०७२ मा उल्लेख भएका ३१ वटा मौलिक हकमध्ये सूचनाको हक पनि एक भएकाले यसको कार्यान्वयनमा सबै सार्वजनिक निकाय लाग्नुपर्ने उनले बताए ।

नेपाल पत्रकार महासंघका पूर्वसभापति एवं सूचनाको हकका अभियानकर्मी तारानाथ दाहालले नागरिकले कर तिरेर सञ्चालन भएका सार्वजनिक निकायका कामकारबाहीका बारेमा सूचना माग गर्दा प्रहरी लगाएर पक्राउ गर्ने घटना निन्दनीय भएको बताए । एउटा स्थानीय तहमा हजारौं मानिसले सूचना माग्ने वातावरण बन्ने हो भने भ्रष्टाचार न्यूनीकरणमा योगदान पुग्ने उनको भनाइ थियो । सहकारी, सामुदायिक एवं संस्थागत विद्यालयमा पनि सूचना माग गर्न अभियानकर्मीलाई दाहालले सुझाव दिए

राष्ट्रिय महिला आयोगकी सदस्य एवं प्रवक्ता कृष्णाकुमारी खतिवडा पौडेलले बेथिति धेरै हुने नगरपालिकाले नै सूचना माग गर्नेलाई पक्राउ गराउने गरेकाले यसप्रति सबै सचेत हुनुपर्ने बताइन् । पारदर्शिता कायम गर्न र भ्रष्टाचारको अन्त्य गर्न सूचनाको हक प्रभावकारी उपयुक्त औजार हुने उनको भनाइ थियो ।

राष्ट्रिय सूचना आयोगकी सदस्य एवं प्रवक्ता कमला ओली थापाले सूचना माग गरेकै कारण अभियानकर्मीलाई पक्राउ गरी थुन्नु सामन्तवादी सोचको परिणाम भएको बताइन् । प्रयोग गरिएन भने सूचनाको हकको कानुनको अर्थ नहुने भएकाले यसको अभ्यास गर्नुपर्नेमा उनको जोड थियो । सूचनादाता र मागकर्ताको पनि संरक्षण गर्ने कानुनी व्यवस्था भएकाले सूचना दिन र माग्न कुनै समस्या नरहेको आयुक्त थापाले बताइन् ।

संविधानसभा सदस्य रामेश्वर फुयाँलले नेपालको संविधानमा सूचना, सञ्चारको हकका साथै नागरिक कर्तव्यको पनि व्यवस्था गरिएकाले सूचना माग्ने अभियानलाई नागरिक कर्तव्यका रूपमा अघि बढाउनुपर्नेमा जोड दिए । बेथितिलाई थितिमा ल्याउन पनि सूचनाको हकको उपयोग हुनुपर्ने उनको भनाइ थियो ।

गोकर्णेश्वर नगरपालिकाका प्रमुख दीपककुमार रिसालले सूचनाको हक प्रवर्द्धनका ला गि नगरपालिकाले पनि वार्षिकरूपमै कार्यक्रमको आयोजना गर्नेगरी व्यवस्था गरिने बताए । नगर उपप्रमुख सान्नानी लामाले खुलारूपमा जोरपाटी चोकमै नगरपालिकाले सूचनाको हकको कार्यक्रम राख्ने प्रतिबद्धता जनाइन् ।


## शिलवन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मिति २०८१/०४/०६**

यस सामुदायिक वन उपभोक्ता समुहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २५१४ मिति २०८०/११/२४ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. २४९७ मिति २०८१/०३/१९ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका असना, कर्मा, सिसौं र खयर जातका गोलिया थान १३० को ३१२.५७.छठ क्यू.फि. काठ र साल जातको दाउरा १.०० चट्टा, अन्य जातको दाउरा ५.०० चट्टा र सिसौं जातको दाउरा ०.५ चट्टालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको लिलाम बिक्रिमा भाग लिनका लागी डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस)औं दिनभित्र प्रत्येक लटको छुट्टा-छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि १६औं दिनको दिउँसो २:३० बजे भित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री रामकुट्टी सामुदायिक वन उपभोक्ता समूह**
राप्ती सोनारी-४, बाँके


# खोजी कार्यमा भारतीय टोली परिचालन

**चितवन–** नारागणगढ-मुग्लिन सडकखण्डको सिमलतालबाट पहिरोसँगै त्रिशूलीमा खसेका दुई बस र बसमा सवार यात्रुको खोज तथा उद्धार कार्यमा शनिबारदेखि भारतीय टोली पनि परिचालन भएको छ ।

**सिमलताल दुर्घटना**



भारतीय नेसनल डिजास्टर रेस्पोन्स फोर्स (एनडिआरएफ) को १२ सदस्यीय टोली शनिबार खोजतलासका लागि घटनास्थल आइपुगेको हो । खोजतलासमा परिचालित हुनुअघि भारतीय टोलीले जिल्ला प्रशासन कार्यालय चितवनमा प्रमुख जिल्ला अधिकारीसहित यहाँका सुरक्षा निकायका अधिकारीहरूसँग छलफल गरेको थियो । छलफलपछि प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले टोलीमा रहेका १२ जनामध्ये चार जना गोताखोर रहेको बताए । शनिबार टोलीले विपद् व्यवस्थापन शिक्षालय कुरिनटारका उद्धारमा खटिएकासँग छलफल गरेपछि काम सुरु गरेको उनले बताए ।

खोजतलासका लागि आएका एनडिआरएफका प्रतिनिधि कुनाल तिवारीले अब यथासक्य छिटो खोजतलासको काममा जुट्ने बताए । उनले नेपालका जस्तै नदी भारतमा पनि रहेको भन्दै उस्तै प्रकृतिका नदीमा खोजतलास गर्न समस्या नहुने बताए । धमिलो र उच्च वहावका नदीमा खोजतलास कार्य भारतमा गरेको भन्दै उनले यहाँ काम गर्न सकिने बताए ।

सुनौली नाका हुँदै नेपाल भित्रिएको टोली भैरहवामा बसेर शनिबार चितवन आइपुगेको हो । पानीमुनि खोजतलासमा प्रयोग हुने यन्त्र उपकरणलगायत सेटसहित उनीहरू आएका छन् । उनीहरूले तीन वटा अत्याधुनिक सोनार उपकरण पनि ल्याएको यादवले जानकारी दिए । ती उपकरणले पानीभित्र ३० फिट तलसम्म हेर्न मिल्ने जानकारी दिए । टोली सात दिनसम्म रहने उनको भनाइ छ । नेपालको स्रोतसाधनले बसको अवस्था पत्ता लगाउन नसकेपछि सरकारले खोजीका लागि अन्तर्राष्ट्रिय उद्धार टोली मगाएको हो । गृह मन्त्रालयले परराष्ट्रमार्फत भारतीय उद्धार टोली मगाएको थियो ।

यही असार २८ गते शुक्रबार वीरगञ्जबाट काठमाडौं जाँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एञ्जल डिलक्स र काठमाडौंबाट गौर जान आउँदै गरेको बागमती प्रदेश ०३-२४९५ ख ००१ नम्बरको गणपति डिलक्स बस चितवनको सिमलतालमा खसेको पहिरोसँगै बगेर त्रिशूली नदीमा यात्रु बेपत्ता भएका थिए । उक्त बसमा सवार ६५ जनामध्ये तीन जना सकुशल निस्किएका थिए भने ६२ जना बेपत्ता भएका थिए । शनिबारसम्म २५ जनाको शव विभिन्न क्षेत्रमा फेला पारिएको छ । फेला परेकामध्ये १७ जनाको सनाखत भएको प्रहरीले जनाएको छ । अझै ३७ यात्रुसहित दुईवटै बसको अवस्था पत्ता लाग्न सकेको छैन । *रासस*


## अधिकृत वारेसनामा बदर गरिएको सार्वजनिक सूचना

उपरोक्त सम्वन्धमा दिने साविक भक्तपुर जिल्ला झौखेल गा.वि.स.वडा नं.७ हाल भक्तपुर जिल्ला चाँगुनारायण न.पा. वडा नं. ३ वस्ने नर्बदा थापा क्षेत्री (ना.प्र.नं. ३१० मिति २०४५/०४/१२ जि.प्र.का. भक्तपुर) र लिने का.जि. का.म.पा. वडा नं. १३ बस्ने लीला अर्याल (ना.प्र.नं. ३५६/७४५६ मिति २०३८/१२/३१ जि.प्र.का. काठमाडौं) भइ मिति २०७५/०९/२०/६ द.नं. १४७२ को श्री काठमाडौं जिल्ला अदालतका मा.जि.न्या. श्री कवि प्रसाद न्यौपानेको इजलाशबाट प्रमाणित श्री मा.पो.का.कलंकीमा दर्ता कायम रहेको काठमाडौं जिल्ला का.म.न.पा.नक्सा सिट नं.१०२-११४२-१२ कि.नं.१३१ ज.क्षे.फ.१०९२.३० व.मि. को घरजग्गा राजिनामाको व्यहोराबाट विक्री वितरण गर्ने प्रयोजनका लागि अधिकृत वारेस मुकरर गरेकोमा अव उप्रान्त उक्त वारेसनामामा उल्लेखित कार्य गर्न म आफैं समर्थ भएकोले आजका मितिदेखी लागू हुने गरी वदर हुने गरी मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५५(ग) वमोजिम यो सूचना प्रकाशित गरेको छु । अत: आज उप्रान्त सो अधिकृत वारेस वमोजिमको कार्य निज अधिकृत वारेस प्राप्त गर्ने व्यक्ति लीला अर्याल मार्फत नगर्नु नगराउनुहोला । गरे गराएमा कानुन बमोजिम हुने व्यहोरा समेत यसै सूचनावाट जानकारी गराउँदछु।

**सूचनाकर्ता : अ.वा. दिने नर्बदा थापा क्षेत्री**



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAGNUM SECURITY SERVICES

पूर्व स्वीकृति मिति : २०८०/०९/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/04/08 | LT. No. 297729 | चलानी नं. ६०२१२७९०

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Life Guard | 49 | 0 | 1352 | ४८,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ साउन १३ देखि १५ गते (28-30 July 2024) सम्म हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने :** नि: शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1149/073/074

**दैलेख ओभरसिज प्रा.लि.**
बसुन्धारा, चक्रपथ, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४३८०१२१, ४३६२७१२
ई-मेल : everestnepal.hr@gmail.com, everestnepalglobalrecruitment@gmail.com



## शिलवन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मिति २०८१/०४/०६**

यस सामुदायिक वन उपभोक्ता समुहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २६९३ मिति २०८०/११/३० को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. ४२९६ मिति २०८१/०३/१९ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, असना, कर्मा, जामुन र धमिना जातका गोलिया थान १०० को ९००.९ क्यू.फि. काठ र साल जातको दाउरा २.५ चट्टा, अन्य जातको दाउरा ६.०० चट्टालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको लिलाम बिक्रीमा भाग लिनका लागी डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सुचना प्रकाशित भएको मितिले २१ (एक्काईस)औं दिनभित्र प्रत्येक लटको छुट्टा-छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि १६औं दिनको दिउँसो २:३० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री जलहन सामुदायिक वन उपभोक्ता समूह**
राप्ती सोनारी-४, बाँके



## शिलवन्दी दरभाउपत्र प्रक्रियाबाट वन पैदावार बिक्रीको सूचना

**पहिलो पटक सूचना प्रकाशन मिति २०८१/०४/०६**

यस सामुदायिक वन उपभोक्ता समुहको स्विकृत वन व्यवस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालय बाँकेको च.नं. २६९४ मिति २०८०/११/३० को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ र दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भई बाँकी रहेका गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय बाँकेको च.नं. ४४३३ मिति २०८१/०३/३१ गतेको बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका असना, कर्मा, सिसौं र खयर जातका गोलिया थान ६७६ को ५५६१.७९ क्यू.फि. काठ र साल जातको दाउरा ११.०० चट्टा, अन्य जातको दाउरा २९.०० चट्टालाई हाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारको लिलाम बिक्रिमा भाग लिनका लागी डिभिजन वन कार्यालयमा सुचिकृत भएका स:मिल वा कम्पनीले यो पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस)औं दिनभित्र प्रत्येक लटको छुट्टा-छुट्टै सिलबन्दी बोलपत्र खरिद गरि १६औ दिनको दिउँसो १:३० बजेभित्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटिमा टाँस गरिएको छ ।

**श्री गौरी सामुदायिक वन उपभोक्ता समूह**
राप्ती सोनारी-४, बाँके

प्रभाव दैनिक National Daily

## सम्पादकीय

## फोहोरको स्रोतमै वर्गीकरणः कुरामै सीमित

**काठमाडौंका घरघरबाट निस्कने फोहोरलाई स्रोतमै वर्गीकरण गर्ने भनिए पनि कार्यान्वयनमा आउन सकेको छैन । काठमाडौं महानगरमा स्वतन्त्र उम्मेदवारको रूपमा चुनाव लडेका बालेन्द्र (बालेन) साह महानगरप्रमुख निर्वाचित भएर आएसँगै उनले यो घोषणा गरेका थिए । त्यसो त उनको चुनावी नारामा नै काठमाडौंको फोहोर व्यवस्थापन प्राथमिकतामा राखिएको थियो । त्यसैले उनी निर्वाचित भएलगत्तै फोहोर व्यवस्थापनको योजनामा लागे । तर, सुरुमै काठमाडौंको फोहोर व्यवस्थापन गर्ने स्थल सिसडोल र बञ्चरेडाँडाका स्थानीयको अवरोधका कारण काठमाडौंको फोहोर लामो समय उठ्न नसकेपछि महानगर प्रमुख साह अप्ठ्यारोमा परे । यद्यपि, पछि सहमतिपछि फोहोर व्यवस्थापन सुरु भयो । अझै पनि बेलाबेलामा त्यहाँका स्थानीयले अवरोध गर्दै आएका छन् ।**

**फोहोरलाई स्रोतमै वर्गीकरण गरे व्यवस्थानमा सहज हुने भन्दै यो अभियान सुरु गरेको महानगरले अहिलेसम्म पूर्ण कार्यान्वयन गर्न सकेको छैन । स्रोतमै फोहोर वर्गीकरण गर्ने अभ्यास काठमाडौं महानगर (कामपा) को ३२ वडामध्ये केही वडामा मात्र भएको छ । अन्य वडामाकामपाले कार्यान्वयन गर्न सकेको छैन ।**

**यतिबेला कामपाले स्रोतमै फोहोरको वर्गीकरण गरेर व्यवस्थापन गर्न पुनः सबैलाई आग्रह गरेको छ । उत्पादन भएका सबै प्रकारका फोहोर अन्तिम व्यवस्थापनस्थल बञ्चरेडाँडा पुर्‍याउँदा उक्त स्थानको आयु घट्ने भन्दै कामपाले स्रोतमै फोहोरको वर्गीकरण गर्ने र कुहिने फोहोरमात्र उक्त स्थानमा लानुपर्ने जनाएको हो । काठमाडौं उपत्यकाको १८ स्थानीय तहमा उत्पादित सबै फोहोर अन्तिम व्यवस्थापन स्थानमा लैजाने हो भने यसको अवधि १५ वर्षमै सकिने अनुमान गर्न सकिने महानगरको भनाइ छ । त्यसैले यसको प्रयोग लामो समयसम्म गर्नका लागि वर्गीकरण गरिएको फोहोरमात्र लैजानुपर्ने बताइएको छ ।**

**काठमाडौं उपत्यकाबाट हरेक दिन एक हजार २०० मेट्रिक टन फोहोर बञ्चरेडाँडामा व्यवस्थापन हुँदै आएको छ । वि.सं. २०६८ मा सरकारले जारी गरेको फोहोरमैला व्यवस्थापन ऐन र २०७७ सालमा कामपाले जारी गरेको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐनबमोजिम ऐनमा फोहोरलाई स्रोतमै छुट्याउने दायित्व उत्पादकको हुने व्यवस्था छ ।**

**स्रोतमै फोहोरको वर्गीकरण गर्नु सबै हिसाबले उपयुक्त देखिन्छ । त्यसैले यसको कार्यान्वयनका लागि प्रभावकारी योजना आवश्यक देखिन्छ । जनचेतना जगाउनु पहिलो आवश्यकता हो । त्यसपछि नियम नमान्नेलाई कडा दण्ड जरिवानाको व्यवस्था गरिए अवश्यक कार्यान्वयनमा आउने देखिन्छ । यो व्यवस्था काठमाडौं उपत्यकाका सबै स्थानीय तहमा लागू गरिए उपत्यकाको फोहोर व्यवस्थापनको चुनौती केही हदसम्म कम हुने निश्चित छ ।**

# ओली सरकारसँग स्थिरताको आशा



■ एकराज पाठक

> मिडियामा आएझैँ दुई ठूला दलको सत्ता समीकरणको एउटा एजेण्डा संविधान संशोधन पनि देखिएको छ । यो संविधानको संशोधन गर्नुपर्ने पक्षमा समय-समयमा मुद्दाहरु नउठेका भने होइनन् । संविधान संशोधनको अर्थ अहिले नेपाली नागरिकले यो संविधानबाट जेजति अधिकार पाएका छन्, त्यसमाथि अरु थप्ने हो । भएको अधिकारलाई अझ बलियो बनाउने हो, जनताले पाएका अधिकारको कटौती होइन । बलियो अर्थात् वैधानिक अंकगणित हुँदा संविधान संशोधन त हुन्छ तर त्यति नै बलियो राज्य संयन्त्रको स्वरुप आमनागरिकको भावना र आकांक्षाविना भने असम्भव छ ।

गएको जेठ १५ गतेका सामाजिक सञ्जालहरूको सरसर्ती सर्भे गर्ने हो भने जनताको धेरै असन्तुष्टि पोखिएको भेटिन्छ । प्रश्न एउटै छ- गणतन्त्रले के दियो ? जनताको यो प्रश्नमा जनताकै जवाफ खोजी पसे अनेकन व्यथा र वास्तविकताको बेलिविस्तार छ त्यहाँ । मुलुकमा गणतन्त्र आएपछि नेताहरूले खाना, छाना र नाना सुनिश्चित हुने बताएको भए पनि जनतासम्म यो आश्वासनअनुसारको 'डेलिभरी' नपुगेको त देखिएकै छ । यसैमा नागरिकको निष्कर्ष छ 'गणतन्त्र जनताको घरदैलोसम्म आएन, जनताले कुनै सेवा र सुविस्ता पाएनन् । सरकार लगभग बर्सेनि फेरिन्छ । गणतन्त्रको फल जनतासम्म जस्ताको त्यस्तै पुग्नै सकेन, पुर्‍याउनै सकिएको छैन । यसकारण जनतालाई आएन गणतन्त्र ।'

अहिले मात्र होइन, बर्सेनि आउने गणतन्त्र दिवसमा जनताले गर्ने प्रश्न यही हो । हुन त जनताले गर्ने यो प्रश्नजस्तै मुलुकमा गणतान्त्रिक शासन व्यवस्थाले कतै केही नदिएको भने होइन । विकास निर्माणको शिलान्यास भइरहेकै छ, जनताले पाउनुपर्ने सेवाका लागि आधारशीलाहरू बनिरहेका छन् । तर पनि देशबाट विरोजगारीको सूचक नघट्दा विमानस्थलबाट बाहिरिने नागरिकको लाम झन् बढेको, महँगी र भ्रष्टाचार बढेको र देशभित्रै प्रशस्त रोजगारीलगायतका सम्भावनाहरूको कमीका कारण युवा वर्ग निराश हुँदै जाँदा गणतन्त्रले नागरिकलाई के दियो भन्ने प्रश्न प्रतिदिन पेचिलो बन्दै गएको हो । यसकारण जनतामा निराशा पैदा भएको छ, यसलाई बढ्न दिनु हुँदैन ।

यतिखेर मुलुकको शासन सत्ता फेरिएको छ । संसद्‌को सबैभन्दा ठूलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल नेकपा एमालेले सत्ता साझेदारी गर्ने गरी अघि बढेका छन् । नयाँ सत्ता समीकरण बनेसँगै नेपाली राजनीतिको तापक्रम पनि बढेको छ । सहमतिअनुरूप एमालेका अध्यक्ष केपी शर्मा ओलीले पहिलो र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले दोस्रो कार्यकालको नेतृत्व गर्ने सहमति भएको छ । सोहीबमोजिम नै ३० असारमा केपी ओली प्रधानमन्त्री नियुक्त भएका छन् भने उनको सरकारमा नेपाली कांग्रेस पनि सक्रियरूपमा सहभागी छ ।

माथि भनिएझैं नेपाली नागरिकका आशा अपेक्षाहरू पूरा नहुँदा उनीहरूमा निराशाको थुप्रो थपिँदै छ । वेरोजगारीको अवस्था त्यस्तै रहेकाले विदेसिने युवाको लर्को झन्भन्दा झन् लामो देखिँदै छ । एकपछि अर्कोगरी सरकार र यसका लागि आवश्यक समीकरणहरूमा फेरबदल आइरहेकै छ । उता प्रदेश सरकारका क्रियाकलाप तथा अस्थिरताका कारण पनि जनतामा किन चाहियो यो खर्चिलो संघीयता भन्ने प्रश्न उठ्ने गरेको छ । मुलुकको अर्थतन्त्र बलियो छैन, बल्लतल्ल चलेको अवस्थामा छ । कोरोना महामारी र विश्वव्यापी आर्थिक मन्दीका कारण विगतका केही वर्ष यतादेखि यहाँ पनि संकट बढेकै छ । उद्यमी व्यवसायीका सटर बन्द भइरहेका समाचार आइरहेकै छन् । सरकारले दिनुपर्ने 'डेलिभरी' जनतासम्म पुग्न सकेको छैन । यस्तो बेलामा नयाँ सरकार बनिरहेकाले नेपाली जनताले यसप्रति ठूलो आशा अपेक्षा राखेका छन्, जुन अस्वाभाविक होइन । देशको समग्र आर्थिक, राजनीतिक र सामाजिक विकासका साथै जनजीविकाका धेरै सवालमा यो नयाँ सरकारका लागि सुनौलो अवसर प्राप्त भएको छ ।

### संविधान संशोधन

मिडियामा आएझैँ दुई ठूला दलको सत्ता समीकरणको एउटा एजेण्डा संविधान संशोधन पनि देखिएको छ । यो संविधानको संशोधन गर्नुपर्ने पक्षमा समय-समयमा मुद्दाहरू नउठेका भने होइनन् । संविधान संशोधनको अर्थ अहिले नेपाली नागरिकले यो संविधानबाट जेजति अधिकार पाएका छन्, त्यसमाथि अरू थप्ने हो । भएको अधिकारलाई अझ बलियो बनाउने हो, जनताले पाएका अधिकारको कटौती होइन । बलियो अर्थात् वैधानिक अंकगणित हुँदा संविधान संशोधन त हुन्छ तर त्यति नै बलियो राज्य संयन्त्रको स्वरूप आमनागरिकको भावना र आकांक्षाविना भने असम्भव छ । त्यसैले सबैको सहयोग र समर्थनबाट संविधान संशोधन हुनुपर्दछ र त्यो नेपालको राजनीतिक स्थिरताका लागि हुनुपर्दछ । स्थिरताका लागि अहिलेको मिश्रित निर्वाचन प्रणालीमै संशोधन आवश्यक छ । अहिले देशमा देखिएको राजनीतिक अस्थिरताको मूल जड मिश्रित निर्वाचन प्रणाली हो भन्नेमा नेपालका सबै दलले लगभग आत्मसात् गरिसकेका पनि छन् । तर पनि अहिले संविधानमा रहेको व्यवस्थाबाट भएको समानुपातिक प्रतिनिधित्व कसरी सुनिश्चित होला भनेर पनि अबको संशोधनमा सोच्न छुटाउनु हुँदैन ।

यसकारण संविधान संशोधनको प्रक्रियाको थालनी गर्नुअघि अहिलेको संविधानले दिएका जनताका अधिकारहरूलाई थप बलियो बनाउने र अरू आवश्यकताअनुसार संशोधन गरिनुपर्दछ । निर्वाचन प्रणाली त फेर्ने तर अहिले संसद्‌मा महिला, जनजाति, दलित, अल्पसंख्यक आदिको जे जति प्रतिनिधित्व छ त्यसलाई कटौती गर्ने भनेको होइन । अहिलेको निर्वाचन पद्दति महँगो पनि भएको छ । निर्वाचन प्रणालीमा संशोधन भनेको यसमा पनि परिवर्तन हो । त्यसैले प्रणालीमा संशोधन गर्ने र चुस्त दुरुस्त बनाउने गर्नुपर्दछ ।

अहिलेकै निर्वाचन प्रणालीबाट हुने चुनावबाट कुनै पनि राजनीतिक दलले स्पष्ट बहुमत ल्याउन सक्ने अवस्था नरहेको धेरैले अनुभव गरिसके । यसबाट संसद्‌मा धेरै पार्टीको प्रतिनधित्व त हुन्छ तर यसैका कारण सरकार निर्माण अस्थिरताको कारक बन्दछ । यो वा त्यो दलका कारण सरकार ढल्यो या बन्यो भन्ने अवस्था बनेको छ । त्यसैले प्रत्यक्ष निर्वाचन प्रणालीबाटै धेरै सिटहरू चुनिनेगरी निर्वाचन प्रणाली बनाउनसके यसबाट आफ्ना मतदाताहरूप्रति जनप्रतिनिधि पनि जवाफदेखि हुने छ । यसले सो जनप्रतिनिधिले निर्वाचनका बेला गरेका वाचाअनुसार काम गर्न पनि सहज हुने छ । ऊ आफ्ना मतदाताहरूप्रति पूर्णतः जवाफदेही हुने छ । यसबाट कुनै पनि दलको स्पष्ट बहुमत आउने अवस्था सिर्जना हुन्छ र त्यसले नै देशमा सरकारको स्थायित्व प्रदान गर्न सक्दछ । त्यसैले अहिले संविधानमा भएको सबैको समावेशी प्रतिनिधित्वलाई यो निर्वाचन प्रणालीमा पनि सुनिश्चित व्यवस्था गर्न सकिन्छ । यसबमोजिम नै संविधान संशोधन गर्नु जरुरी देखिन्छ ।

### सुशासन र समावेशी आर्थिक विकास

अहिले मुलुकमा सुशासनका साथै समावेशी आर्थिक विकास आवश्यक छ । सरकारकासामु यो पनि अर्को एक अपेक्षा हो । समावेशी आर्थिक विकासको अर्थ समानुपातिक नभएर समतामूलक वितरणमा आधारित विकास मोडल हो । जस्तो कि तेस्रो विश्वका कतिपय देशहरूले पिछडिएको समुदायका एकाध व्यक्तिलाई राज्यका निकायमा नियुक्त गरेर समानुपातिक अर्थात् सबै वर्ग क्षेत्र र समुदायका नागरिकको सहभागिता देखाउने गर्दछन् । कुनै एक पिछडिएको समुदायका नागरिकलाई राजदूत या राष्ट्रिय योजना आयोगमा सदस्य बनाएर त्यसलाई मोडलका रूपमा देखाउने गर्दछन् ।

यसरी समानुपातिक कोटामा गरिने नियुक्ति समावेशिताको मूल्यमान्यता होइन । त्यसैले समावेशी आर्थिक विकास भनेको यस्ता एकाध व्यक्ति या समुदाय नभएर राज्यका अवसर सबैलाई समतामूलक वितरण र त्यसको विकास मात्र हो । भारतमा हामीकहाँ जस्तो समानुपातिक निर्वाचन प्रणाली या प्रतिनिधित्व छैन । तर पनि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको 'सबका साथ, सबका विकास' भन्ने नारा त्यो भन्दा बढी वैज्ञानिक देखिन्छ । उनले सबको विकासको सोचअनुसार विकासका कार्यक्रम पनि त्यसैअनुसार परिलक्षित गर्ने प्रणालीको विकास गरेका छन् ।

अहिले मुलुकको अर्थतन्त्र बल्लतल्ला तंग्रिएको अवस्थामा छ । देशको अर्थतन्त्र संकटमै त होइन, सहज अवस्थामा पनि छैन । कोरोना महामारी तथा विश्वव्यापी आर्थिक मन्दीका कारण विगतका केही वर्षयता निकै संकटपूर्ण रूपमा गुज्रिएको नेपालको अर्थतन्त्र विस्तारै लयमा फर्किने तयारीमा देखिएको मात्र छ । अवस्था तरल रहेकाले कुनै बेला परिस्थिति गम्भीर पनि बन्न सक्छ । त्यसैले अहिले नै अर्थतन्त्रमा देखिएका समस्याहरू सरकार, राष्ट्र बैंक, विकास साझेदार, निजी क्षेत्रलगायत सबै मिलेर समाधान गर्नुपर्छ । ओली सरकारसँग पनि अर्थतन्त्रले संकटमोचनको रोडम्यापको अपेक्षा गर्छ नै । सरकारको नेतृत्वमा सबै सरोकारहरूको सहभागितामा विचार विमर्श नगर्ने हो भने संकटको डिलतिरै अड्किएको अर्थतन्त्रलाई प्राण दिन गाह्रो पनि पर्न सक्छ ।

### संघीयता र प्रदेश सरकार

अहिले नेपालको संघीय शासन प्रणालीलाई नै बदनाम गर्ने औजारका रूपमा प्रदेश सरकारहरू प्रयोग भइरहेको अवस्था देखिँदै छ । कहिले कुन त कहिले कुन गरी महिनैपिच्छेजस्तो प्रदेश सरकार बनेका, ढलेका तथा सरकार ढाल्न गरिएका हर्कतहरू राजधानीका अखबारका मुख्य समाचार बनिरहेका हुन्छन् । अनि ती समाचारहरूप्रति कुनै पनि नागरिकले सकारात्मक प्रतिक्रिया दिएको देखिँदैन । यो अवस्था र परिस्थिति देख्दा लाग्छ देशमा संघीय शासन व्यवस्थाको उपादेयतालाई समाप्त पार्ने अन्तिम किस्ता यिनै प्रदेश सरकारहरू नै बन्न जाँदै छन् । त्यस्तो अवस्था नआओस् । यसप्रकारको नकारात्मक सन्देश प्रवाह गर्नेगरी भइरहेका कार्यलाई रोक्न सरकारले संविधान संशोधनमार्फत नै केही व्यवस्था गर्नु जरुरी छ जसले प्रदेश सरकारहरूलाई पनि स्थायित्व दिन सकोस् । यसको समाधान टाउकामा जुम्रा पर्‍यो भनेर टाउको नै काटेजस्तो व्यवस्थालाई बदनाम गर्‍यो भनेर मुलुकको प्रादेशिक संरचनाको विकल्प खोज्ने नभएर यसैमा सुधार हो । यसैलाई जनताको घरआँगनको सरकारका रूपमा विकास गर्नु नै यसको विकल्प हो ।

अहिले नागरिकले प्रदेश संरचना काम छैन भन्न थालिसकेका छन् । नेपालजस्तो सानो देशमा यी कयौं सरकार नेपालका लागि आर्थिक बोझ भएको तर्क जनताले दिइरहेका छन् । त्यतातर्फ जाँदा व्यवस्थाप्रति नै प्रश्न उठ्ने खतरा रहन्छ । बरु प्रादेशिक संरचनालाई कामयवी बनाउने र त्यसबाट जनताको आफ्नै सरकारको भाव दिलाउनेगरी छरितो, मितव्ययी र चुस्त दुरुस्त बनाउन सकिन्छ । बृहत् सोच, खोज र अनुभवबाट संविधान संशोधन गरेर यो काम गर्नुपर्ने अपेक्षा पनि यो सरकारसँग जनताले गरेका छन् । *रासस*

## मननयोग्य

### चाणक्य नीति

पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर । 'विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधैं निस्कनुहुन्छ, त्यही भेट हुन्छ । यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए । अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए । नदी किनारमा कुलपतिसँग भेट भयो ।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए । आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे । पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- 'आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ । यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिँदै भने- 'योग्यजस्ता छौ, कहाँबाट आयो ?'

पुण्डरीकाक्षले भने- 'यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ । कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए ।

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे । क्रमशः

## पत्र-मञ्जुषा

# कांग्रेस–एमालेमा हुकुमी शासन

नेपाली कांग्रेस र नेकपा एमालेमा सधैं नेतृत्वको हुकुममा चलेको देखिन्छ । नेतृत्वको अगाडि पार्टी नेताहरू टाउको हल्लाउनबाहेक केही गर्न सक्दैनन् । शेरबहादुर देउवाले बारम्बार एउटै व्यक्तिलाई मन्त्री बनाउँदै आएका छन् । र, ती हुन् रमेश लेखक । अर्कोतर्फ केपी ओली विष्णु पौडेललाई काखी च्यापेरै हिँडेका छन् । जतिपटक कांग्रेस र एमाले सत्तामा जान्छ, यी दुई मन्त्री बनिहाल्छन् ।

सबै निर्वाचन क्षेत्रबाट चुनाव जितेर सांसदहरू सदनमा आएका छन् । तर, तिनको पालो आउने देखिँदैन । उनीहरू मन्त्रीका लागि कुरेको कुर्‍यै हुने भए ।

वर्तमान सरकारकी परराष्ट्रमन्त्री आरजु राणा देउवा आजसम्म जनताको बीच गएकी छैनन् । पार्टीको कृपाले उनी मनोनीत सांसद बनेकी हुन् । नक्कली भुटानी शरणार्थी बनाएर नेपालीलाई अमेरिका पठाएको आरोप लागेकी उनलाई परराष्ट्र उपहार दिइएको छ । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाललाई पनि जनताले चुनेका होइनन् । ओलीको निकट भएकाले उनलाई भौतिकजस्तो महत्त्वपूर्ण मन्त्रालयको जिम्मेवारी दिइयो ।

हुन त ओलीले आफूलाई मनपर्नेमाथि कृपा बर्साइहाल्छन् । त्यसका उदाहरण धेरै छन् । २०७४ सालमा युवराज खतिवडालाई अर्थमन्त्री बनाइयो । जबकि उनी जनताबाट चुनिएर आएका थिएनन् ।

२०७१ सालमा महेश बस्नेत उद्योगमन्त्री बने । उनी त जनतामा गएर चुनाव हारेको व्यक्ति थिए । जनताले नपत्याएकालाई ओलीले पत्याए । योभन्दा अरू के नै चाहियो ? पूर्वअर्थमन्त्री खतिवडालाई प्रधानमन्त्रीको आर्थिक सल्लाहकारमा नियुक्त गरिएको छ । उनले मन्त्रीसरह सेवासुविधा पाउने छन् ।

आफ्नो निकटलाई ओलीले जताबाट भए पनि पोस्ने बाटो खोजिहाल्छन् । जनताबाट चुनिएर आएका सांसदले मन्त्री पाउँदैनन् । सल्लाहकार पाउँदैनन् । सरकारी कर्मचारीको पृष्ठभूमिबाट आएकालाई दोहोर्‍याइतेहेर्‍याइ पोसिन्छ । पार्टीका अध्यक्ष वा सभापतिले पार्टीलाई आफ्नो निजी कम्पनी जस्तै बनाएपछि यस्तो नियत देखिएको हो ।

एमाले-कांग्रेसका कार्यकर्ता नै पार्टी नेतृत्वको विरोध गरिरहेका छन् । तर, तिनको कुरा कसले सुन्ने ? सांसदहरूसँग आफ्नो आवाज राख्ने हिम्मत छैन । काम गर्ने क्षमता होस् कि नहोस्, नेतृत्वको चाकडी गर्‍यो भने पद पाइहालियो । यस्तो पाराले कतिञ्जेल चल्छ ? जनता दिनभर लाइन बसेर मतदान गर्ने अनि सांसदहरू गलत प्रवृत्तिको विरोधमा चुइक्क पनि बोल्न नसक्ने !

सांसदहरू पार्टी नेतृत्वको अगाडि सधैं आत्मसमर्पण गरिदिन्छन् । जसका कारण गलत व्यक्तिहरू पदमा पुग्छन् । पार्टीभित्रको एकलौटीपनको विरोधमा सांसदहरूले जोडतोडका साथ आवाज उठाउनुपर्छ । विद्रोह गर्नुपर्छ । नत्र जनता दबिरहन्छन् । सांसद दबिनु भनेको जनता दबिनु हो ।

ओलीलाई विश्वासको मत दिन नहुने कांग्रेसका कार्यकर्ताहरूको धारणा छ । तर, पार्टीको ह्वीपविरुद्ध सांसदहरू उभिन सक्दैनन् । सांसदहरू नै 'भेंडा' जस्तै छन् । पार्टीले जताजता भन्यो, त्यतात्यता नाँच्छन् । जनताहरू सांसदलाई प्रश्न गर्छन्, 'जनताबाट चुनिएर गएकालाई पार्टीले नपत्याउनुको कारण क्षमता नभएर हो ? मन्त्री हाँक्न सक्ने क्षमता नभएर हो ? कि पार्टी नेतृत्वको विरोध गर्न नसकेर हो ?'

एउटै व्यक्तिले र चुनाव नजितेकाले पटक-पटक मन्त्री पाउँछ भने जनताले मतदान गर्नुको के औचित्य ? पार्टीको सभापतिले जसलाई मन लाग्यो, उसैलाई मन्त्री बनाउँछन् । बेकारमा जनताले किन दुःख गरिरहनु ? अब सांसदहरूले लोगो लगाउन छोडिदिए भयो । त्यो लोगो देख्दा जनताको शिर निहुरिन्छ ।

यहाँ 'ठूलालाई चैन, सानालाई ऐन' भयो । ठूलाबडाले जे गरे पनि कानुन नलाग्ने । भुइँ मान्छेले छिरिक्क केही गर्‍यो भने जिन्दगीभर जेलको चिसो भुइँमा सड्नुपर्ने । प्रधानमन्त्री पत्नी हुँ भन्दैमा 'अपराध' गर्ने अधिकार छ ? यसको जवाफ कांग्रेस र देउवाले दिनुपर्छ । जनताप्रति अलिकति जवाफदेही हुनुपर्दैन ?

गल्ती गर्नेलाई सजाय हुनैपर्छ । जबसम्म 'अपराधी'लाई जोगाइन्छ, सत्तामा पुर्‍याइन्छ, तबसम्म देश विकास सम्भव छैन । जनताले सुःख पाउँदैनन् । यसका लागि पार्टीभित्रै विद्रोह आवश्यक छ । केही भ्रष्टाचारीका कारण समग्र पार्टी बद्नाम बनिरहँदा अरू के हेरिरहेका छन् ?

जनताका छोराछोरी समृद्ध नेपाल र सुःखी नेपाल सोचेर सहिद बने । हजारौं अंगभंग भएर बसेका छन् । तर, न नेपाल समृद्ध बन्यो न नेपाली सुखी हुन पाएका छन् । सुखी त सत्तामा पुग्ने भ्रष्टाचारीहरू मात्र छन् । जनताको रगतले मूल्य पाएन, योभन्दा विडम्बनापूर्ण कुरा के होला ?

**–अनुसा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# जिल्ला अदालत बाँकेमा 'पारिवारिक इजलास'

■ राकेश मिश्र

**खजुरा (बाँके)**– जिल्ला अदालत बाँकेमा पारिवारिक इजलास सुरु गरिने भएको छ। पारिवारिक विवादसम्बन्धी मुद्दाको सुनुवाइ छिटोछरितो बनाउने उद्देश्यले यही साउन १६ गतेदेखि पारिवारिक अदालत (फेमिली कोर्ट) स्थापना गरिएको हो।

महिलावादी भएका अंश मुद्दा, नाता कायम, घरेलु हिंसा, बालबालिकाको सरोकार रहेका देवानी मुद्दा हेर्ने गरी छुट्टै इजलास सुरु गर्न लागिएको बाँके जिल्ला अदालतका न्यायाधीश भीष्मराज प्रसाईंले जानकारी दिए। यही साउन १६ गतेदेखि छुट्टै इजलासबाट उक्त मुद्दाको सुनुवाइ गरिने जनाउँदै न्यायाधीश प्रसाईंले सोका लागि आवश्यक तयारी भइरहेको बताए। उनका अनुसार काठमाडौं, मोरङ, कास्की, बाँके, धनुषा र रूपन्देही जिल्ला अदालतमा यस्तो इजलास सुरु भइसकेको छ।

## पुराना मुद्दाको फैसला प्राथमिकतामा

आर्थिक वर्षको अवधिमा नयाँ दर्ता भएका चार हजार ४१७ गरी जम्मा लगत सात हजार ६४७ भएकामा चार हजार २१५ वटा मुद्दा फर्स्योट गरिएको न्यायाधीश प्रसाईंले जानकारी दिए।

अदालतले पाँच हजार ८०१ मुद्दा फर्स्योट गर्ने लक्ष्य राखेकामा ५५.११ प्रतिशत फर्स्योट भएको हो। दुई वर्षभित्रका १७२ र दुई वर्ष नाघेका ७४ मुद्दा विचाराधीन छन्। जिल्ला अदालत बाँकेमा गत असार मसान्तसम्म तीन हजार ४३२ मुद्दा विचाराधीन रहेका न्यायाधीश प्रसाईंले बताए।

अदालतले लक्ष्यको ८२.९५ प्रतिशत मुद्दा फर्स्योट गरेको छ। विभिन्न प्राविधिक कारणले सतप्रतिशत लक्ष्य हासिल गर्न नसकेता पनि मुद्दा फर्स्योट प्रतिशत सन्तोषजनक रहेको प्रसाईंको भनाइ छ। 'जिल्ला अदालतले बिदाको दिनसमेत गणना गर्ने हो भने प्रतिदिन करिब १२ वटा मुद्दा फैसला गरेको देखिन्छ। अदालतमा हाल आठजना न्यायाधीशको दरबन्दी छ। हाल सात न्यायाधीशमात्रै कार्यरत छन्। केही महिनाभित्र रिक्त स्थानमा पदपूर्ति भएमा नतिजा थप सकारात्मक आउनेमा विश्वस्त छौं,' न्यायाधीश प्रसाईंले भने।



जिल्ला अदालतले सेवाग्राहीलाई छिटो र सहज मुद्दा फर्स्योट गर्न सुरु गरेको पारिवारिक अदालतको तयारीलाई द्रुतगतिमा अघि बढाइएको छ। योसँगै अदालतले पुराना मुद्दालाई फर्स्योट गरी शून्यमा झार्ने गरी कार्यसम्पादन गरिरहेको छ।

गत आर्थिक वर्षको अन्त्यसम्म दुई वर्ष नाघेका ७४ मुद्दामात्रै फर्स्योट गर्न बाँकी रहेको अदालतका न्यायाधीश प्रसाईंले बताए। उनका अनुसार चालु आवमा जिम्मेवारी सरेर आएका तीन हजार ४३२ मध्ये दुई वर्ष वा सोभन्दा बढीका ८७० मुद्दामात्रै फर्स्योट गर्न बाँकी छन्।

अदातलको वार्षिक प्रगति विवरण सार्वजनिक गर्दै जिल्ला न्यायाधीश प्रसाईंले न्याय सम्पादनका लागि सर्वोच्च अदालतको नीतिअनुसार मुद्दाको वर्गीकरण गरी न्याय सम्पादनको कार्य अघि बढाइएको जानकारी दिए। उनका अनुसार मुद्दालाई तीन वर्गमा विभाजन गरेर सुनुवाइ भइरहेको छ। सरल, सामान्य, र विशेषगरी तीन किसिममा मुद्दाको वर्गीकरण गरी सुनुवाइ भइरहेको उनले बताए। उनले भने, 'डिसिएम (फरक मुद्दाको व्यवस्थापन पद्धति) पछि मुद्दाको सुनुवाइ सहज भएको छ।'

चालु आवमा सरल एक हजार २५५, सामान्य एक हजार ७५३, विशेष ४२४ मुद्दाको जिम्मेवारी सरेर आएको अदालतको तथ्यांकमा उल्लेख गरिएको छ।

## एक वर्षमा चार हजारभन्दा बढी मुद्दा फर्स्योट

अदालतले एक वर्षको अवधिमा चार हजार २१५ मुद्दा फर्स्योट गरेको छ। गत वर्षको जिम्मेवारी सरेका तीन हजार २३० र एक

## स्वचालित मेसिनमार्फत तारिख

चालु आर्थिक वर्षको सुरुदेखि बाँके जिल्ला अदालतले अटो स्वचालित मेसिनद्वारा पेसी र तारिख दिने व्यवस्था सुरु गरेको छ। पत्रकार भेटघाटका क्रममा जिल्ला न्यायाधीश प्रसाईंले तारिख दिँदा हुनसक्ने अनियमितता रोक्न बाँकेलगायत देशैभरिका अदालतमा अटोमेसिनद्वारा तारिख र पेसी तोक्ने व्यवस्था मिलाइएको जानकारी दिए।

## लागुऔषधका मुद्दा धेरै

बाँकेमा लागुऔषध दुर्व्यसनीको संख्या बढ्दै गएको सन्दर्भमा लागुऔषधका मुद्दा बढी भएको पाइएको छ। वर्षभरिमा बाँके जिल्ला अदालतमा दर्ता भएका मुद्दा हेर्दा बढी मात्रामा लागुऔषधसम्बन्धी रहेका अदालतले जनाएको छ।

हालको तथ्यांक हेर्दा लागुऔषध दुर्व्यसनी रोक्न सरोकार भएका निकाय थप जिम्मेवार बन्नुपर्नेमा जिल्ला न्यायाधीश प्रसाईंले जोड दिए। लागुऔषधपछि जबरजस्ती करणी, ज्यान मार्ने उद्योग, सवारी ज्यान, बैंकिङ कसुर, सम्बन्धविच्छेद, अंशलगायत रहेका छन्।

## मेलमिलापमा कमी

अदालतमा एक वर्षको अवधिमा पाँच हजार ९८४ मुद्दा मेलमिलापमा पठाइएकामा १७९ मात्रै सफल भएका छन्। मेलमिलापमा पक्ष नै अनिच्छुक भई नआउने भएपछि मेलमिलाप सफल हुन नसकेको जिल्ला न्यायाधीश प्रसाईंले बताए। *रासस*



**नदीले कटान** | बर्षात्मा पानीको सतह बढेपछि शुक्लाफाँटा नगरपालिका–१ वैशाखा शिविरमा स्याली नदीले कटान गरी बगाएको जमिन। नदीले जग्गा कटानी गर्न थालेपछि वैशाखा शिविरका बासिन्दा प्रभावित भएका छन। *तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

# उपल्लो डोल्पाको मोरिम्ला नाका ६ वर्षपछि खुल्दै

**डोल्पा (प्रस)**– हिमाली जिल्ला डोल्पाको उत्तरी क्षेत्रमा पर्ने मोरिम्ला नाका छ वर्षपछि खुल्ने भएको छ। चीनको सिमानामा पर्ने उक्त नाका कोरोना महामारीपछि बन्द थियो।

नाका यही साउन १७ गतेदेखि खोल्ने तयारी भइरहेको प्रमुख जिल्ला अधिकारी तुलसीप्रसाद दाहालले जानकारी दिए। जिल्ला प्रशासन कार्यालयले हालसम्म एक हजार ८०० भन्दा बढी प्रवेशाज्ञा जारी गरेको छ। दिनहुँ प्रवेशाज्ञा लिन उल्लेख्य संख्यामा नागरिक आइरहेको प्रमुख जिल्ला अधिकारी दाहालले बताए। उपल्लो डोल्पावासीको प्रमुख व्यापारिक केन्द्रका रूपमा रहेको उक्त नाका लामो समयपछि खुल्न लागेकाले यस अवधिमा कुनै पनि प्रकारका अप्रिय घटना नघटुन् भनेर सीमाक्षेत्र आसपासमा अस्थायी सुरक्षा पोस्ट खडा गरेर जाँचमा कडाइ गरिने उनले बताए।

अवैध तथा प्रतिबन्धित वस्तु ओसारपसार गर्न नदिन डिभिजन वन कार्यालयले समेत सो क्षेत्रमा निगरानी गर्ने भएको छ। १५ दिनका लागिमात्र खुल्ने उक्त नाकाबाट उपल्लो डोल्पावासीले चामल, नुन, तेल, चिया, लत्ताकपडा, घिउ, चिया, पेयपदार्थलगायत खाद्यवस्तुको किनमेल गर्ने गर्दछन्। यसरी खरिद गरिएका सामग्री घोडा, खच्चड, याक, चौंरी, भेडा र मोटरसाइकलमा ढुवानी गर्ने गरिन्छ।

उपल्लो डोल्पाका डोल्पोबुद्ध, शे-फोक्सुण्डो र छार्काताङ्सोङ गाउँपालिकाका नागरिकलाई सदरमुकाम झरेर सामान किन्न एक सातासम्म लाग्नुका साथै महँगो पनि पर्दछ। डोल्पोबुद्ध गाउँपालिकाबाट एक दिनमै सो नाका पुग्न सकिन्छ। यस वर्ष तिब्बतको सिँगाचे प्रदेशमा पर्ने डोङ्बा काउन्टी नाकामा व्यापारिक मेला लाग्ने भएकाले सामान सस्तो पाइने डोल्पोबुद्ध गाउँपालिकाका पेमाछेवाङ गुरुङले बताए। यस वर्ष उपल्लो डोल्पामै पर्ने क्याटो नाका भने नखुल्ने बताइएको छ।

# ढोरपाटन पुग्ने सडकको दुरावस्था, पर्यटकलाई सास्ती

■ डम्मर बुढामगर

**ढोरपाटन (बागलुङ)**– यतिबेला ढोरपाटन क्षेत्र हरियाली भएका छन्। उपत्यकासहित चारैतिरका पहाड र समथर मैदानमा फुलेका रंगीन फूलले आगन्तुकलाई स्वागत गरिरहेका देखिन्छन्। प्रकृतिसँग रमाउन यो याममा धेरै आन्तरिक तथा बाह्य पर्यटक ढोरपाटन पुग्ने गर्छन्।

वर्षा सुरु भएसँगै यहाँ पुग्ने अधिकांश भागमा बाढीपहिरो र स्तरोन्नतिका कारण सडक बिग्रिँदा पर्यटकले सास्ती खेप्नुपरेको छ। ढोरपाटनको प्रवेशद्वार बुर्तिबाङ बजारबाट उकालो लाग्नासाथ पर्यटकलाई सास्ती हुने गरेको हो।



ढोरपाटन पुग्न राष्ट्रिय प्राथमिकताको योजना सालझण्डी-ढोरपाटन सडकको प्रयोग गर्नुपर्छ। यसबाहेक ढोरपाटन पुग्ने विकल्पका सडक अहिलेसम्म निर्माण भएका छैनन्। बुर्तिबाङबाट ढोरपाटन पुग्न ३२ किलोमिटर दूरी पार गर्नुपर्ने हुन्छ।

सरकारले दुई वर्ष अगाडि उक्त खण्डको करिब २२ किलोमिटर सडक स्तरोन्नति गर्ने भन्दै ठेक्का लगाए पनि हालसम्म काम हुनसकेको छैन। निर्माण कम्पनीले सयममै काम नगर्दा ढोरपाटन पुग्ने पर्यटकले सास्ती खेप्नुपरेको हो। नेपालको एकमात्रै सिकार आरक्ष ढोरपाटन सदाबहार सुन्दर देखिए पनि वर्षामा यहाँ पुग्ने कतिपय पर्यटक बीच बाटोमै अलपत्र पर्ने आवस्था भएको ढोरपाटन नगरपालिका-९ का गमबहादुर पुनले बताए।

'यो बेला चारैतिर हरियाली हुने हुँदा धेरै पर्यटकका यहाँ पुग्न रुचाउँछन्। सडकको दुरावस्थाका कारण आगन्तुक सहजरूपमा यहाँ पुग्न सक्दैनन्। बुर्तिबाङबाट बोबाङ गाउँसम्म जसोतसो यात्रा गरे पनि त्यसभन्दा माथि यात्रा गर्न निकै कठिन छ,' उनले भने।

साँघुरो सडक खाल्डाखुल्डी र हिलाम्य हुँदा पर्यटकका सवारीसाधान ढोरपाटन पुग्नै सक्दैनन्। यसबेला अधिकांश पर्यटक मोटरसाइकल र जिपमा यात्रा गर्दछन्। कतिपय स्थानमा पहिरो जाने, स्तरोन्नति नहुँदा बिग्रिनेलगायत समस्याले कतिपय पर्यटक बीच बाटोमै अलपत्र पर्ने गरेका पुनले बताए। हिउँदको समयमा पनि यातायातका साधान सहजरूपमा सञ्चालन हुन नसक्ने भन्दै बर्खामा अझ बढी सास्ती हुने उनको भनाइ छ।

ट्र्याक खुलेको लामो समय बितिसक्दा एकपटक पनि स्तरोन्नति हुन नसक्दा सबैभन्दा बढी समस्या स्थानीय र पर्यटकले भोग्नुपरेको पुनले उल्लेख गरे। 'ढोरपाटन घुम्ने भनेर टाढाटाढाबाट पर्यटक आउँछन्, बाटोको अवस्थाले कोहीको सवारीसाधन बिग्रिन्छ, अनि बीच बाटोमा गाडी बिग्रिँदा धेरै पर्यटक अलपत्र पर्ने गर्छन्,' पुनले भने, 'सरोकार भएका निकाय तथा राज्यले ठेकदारलाई समयमा सडक मर्मत गर्न दबाब दिनुपर्ने थियो। आलु, स्याउलगायत यहाँका कृषि उत्पादन बजारसम्म पुर्‍याउन सहज बाटो नहुँदा ढुवानी खर्च धेरै तिर्नुपर्छ, यात्रा पनि ज्यान जोखिममा राखेर गर्छौं।'

तराई र पहाडलाई जोड्ने गरी रूपन्देहीको सालझण्डीबाट अर्घाखाँची हुँदै बागलुङ ढोरपाटन जोड्ने उक्त खण्ड वि.सं. २०७१ मा ट्र्याक खुलेको थियो। बडिगाडको गंगरेबाट ढोरपाटनसम्म ६१ किलोमिटर सडक बागलुङमा पर्दछ। सालझण्डीबाट ढोरपाटनसम्म १९७ किलोमिटर रहेको छ।

बडिगाड गाउँपालिका-१० गंगरे, निसीखोला गाउँपालिका-७ राजकुट, वडा नं १ देवीस्थान हुँदै ढोरपाटन जोडिएको सडक स्तरोन्नतिका लागि तीन वर्ष अघि ठेक्का सम्झौता भएको थियो। सम्झौता मिति सकिँदासम्म जम्मा ३० प्रतिशतमात्रै काम भएको सालझण्डी-ढोरपाटन सडक आयोजना कार्यालयकी प्रमुख अञ्जु परियारले जानकारी दिइन्। आयोजना कार्यालयले बुर्तिबाङबाट फल्लेघरसम्मको सडक स्तरोन्नति गर्न स्वच्छन्द/ओमबुद्ध जेभीसँग ३० महिनामा सक्ने गरी २५ करोड रूपैयाँको सम्झौता भएको थियो। सडक स्तरोन्नति समयमै सक्न निर्माण कम्पनीलाई ताकेता गर्दागर्दै म्याद सकिएको उनले बताए।

निर्माण कम्पनीले आगामी पुस मसान्तसम्मका लागि म्याद थप गरेको भन्दै उक्त समयमा नसके सम्झौता रद्द गर्ने तयारी गरिएको प्रमुख परियारले बताए। 'निर्माण कम्पनीले सुरुको चरणमा तीव्र गतिमा काम गरेको थियो, पछिपछि काम गरेन, कार्यालयले नियमअनुसार पत्र लेखी ताकेता गरिरहेको छ,' उनले भने, 'पुससम्म म्याद थप गरेको छ, सो अवधिसम्म काम नसके ठेक्का तोडिन्छ। बजेट अभावका कारण निर्माण कम्पनीले काम गरेको एक करोड रूपैयाँ भुक्तानी गर्न सकिरहेका छैनौं।'

ढोरपाटन नगरपालिकाका कार्यवाहक प्रमुख धनबहादुर कायत (कल्याण)ले सडक समयमा नबन्दा यहाँका हजारौं नागरिक र आगन्तुकले सास्ती खेप्नुपरेको बताए। निर्माण कम्पनीलाई समयमा काम सक्न पालिकाले सघाउँदा पनि काम नगरेको उनले गुनासो पोखे।

संघीय सरकार मतहतको आयोजना हुँदा नगरपालिकाले काम गर्न नमिल्ने भन्दै बाढीपहिरोका कारण समयसमयमा सडक बन्द हुँदा खुलाउने काम भने गर्दै आइएको कायतले जानकारी दिए। सडकका कारण ढोरपाटन आउने हजारौं पर्यटक बुर्तिबाङबाटै फर्कने गरेका छन्। *रासस*

# राजविराजमा जोडियो सिसी क्यामरा

**सप्तरी (प्रस)**– उज्यालो र व्यवस्थित सहर निर्माण गर्न राजविराजको मुख्य बजार क्षेत्रमा सिसी क्यामरा जडान गरिएको छ। गत आर्थिक वर्षको नगरसभाले विनियोजन गरेको ५० लाख बजेटबाट राजविराज नगरक्षेत्रभित्र १२३ ठाउँमा क्यामरा जडान गरिएको हो।

राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत प्रविनका अनुसार नगरमा दैनिक चोरीका घटना तथा सवारीसाधनको चाप बढेका कारण त्यसलाई कम गर्ने उद्देश्यले सिसी क्यामरा जडान गरिएको हो। राजविराजको गजेन्द्र चोक, दर्शन चोक, राममन्दिर, अदालत रोड, पानीटंचाकी रोडसहितका ठाउँमा निगरानी गर्न सिसी क्यामरा जडान गरिएको उनले बताए।



नगरपालिकाले नगरक्षेत्रभित्रको सुरक्षालाई मध्यनजर गर्दै नगरलाई उज्यालो बनाउने उद्देश्यले पाँच ठाउँमा फ्लडलाइट र १३ ठाउँमा मिनिफ्लडलाइटसमेत जडान गरेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद गुरुङले जानकारी दिए। जडान गरिएका क्यामराको निगरानी जिल्ला प्रहरी कार्यालय तथा नगरपालिकाले गर्ने उनले बताए। बजारलाई व्यवस्थित गर्न नगरपालिका लागिपरेको उनको भनाइ छ।

राजविराज नगर क्षेत्रमा जडान गरिएका सिसी क्यामराका माध्यमबाट नगरको सुरक्षा व्यवस्थासँगै अपराध नियन्त्रण गर्न मद्दत पुग्ने प्रहरी उपरीक्षक गजुसिद्धि बज्राचार्य बताउँछन्।

प्रभाव दैनिक




## 'मोदीबेनी' को ट्रेलरमा वर्षा र अमर प्रतापको प्रेम

श्रावण १८ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म 'मोदीबेनी' को ट्रेलर सार्वजनिक गरिएको छ । विहीबार काठमाडौँको नयाँ बानेश्वरमा रहेको आइएनआइ चलचित्र घरमा आयोजित एक कार्यक्रमकाबिच ट्रेलर सार्वजनिक गरिएको हो । एक्सन, प्रेम, कमेडी, वेदना तथा पारिवारिक कथाले ट्रेलमा विशेष प्रथामिकता पाएको छ । ट्रेलरमा देखाइने केही दृश्यहरु 'सरप्राइजिङ' छन् । ट्रेलरमा अभिनेत्री वर्षा शिवाकोटी र नव अभिनेता अमरप्रताप श्रेष्ठबिचको प्रेमसुन्दर ढङ्गले बुनिएको छ । जब ट्रेलर क्लाइमेक्समा पुग्छ तब वर्षाको रौद्र रूपले चकित तुल्याउँछ । ट्रेलरमा अभिनेत्री रेजिना उप्रेती वर्षाको आमाको भूमिकामा रहेको देख्न सकिन्छ ।





# सुनुवारको 'युद्धभूमिमा डामिएको मन' लोकार्पित




■ प्रभाव संवाददाता

**काठमाडौँ–** लेखक तारादेवी सुनुवारको अनुभूति-निबन्ध संग्रह 'युद्धभूमिमा डामिएको मन' लोकार्पण गरिएको छ । नवराज लम्साल र समालोचक डा अशोक थापालगायतले शनिबार आयोजित समारोहमा उक्त कृति लोकार्पण गरे । मुलुकमा सशस्त्र युद्धपछि कल्पना गरिएको रोल्पा जिल्लामा जति रूपान्तरण हुनुपर्ने थियो त्यति नभएको बरु युद्धको स्मृति दिलाउने रोग, भोक, गरिबी र समस्याबाट अझ ग्रसित भएको विम्ब पुस्तकमा समेटिएको छ ।

लेखकले रोल्पाबाटै किन माओवादीले दशवर्षे जनयुद्धको जग बसालेको होला भन्ने प्रश्न गर्दै अहिले युद्ध बैठान भइसक्दा समेत के साँच्चै रोल्पाली जनता खुसी छन् त भनी प्रतिप्रश्न गरेका छन् । रोल्पालाई फन्को मार्दा लेखकले समुदायमा देखेको, भोगेको, सुनेको विषयवस्तु समेटिएको कृतिमा त्यहाँका महिलालाई युद्धले गराएको परिवर्तन, चेतनाको स्तरसमेत वर्णन गरिएको छ ।

त्यस कृतिमा एउटै जिल्लामा एक हजार चार सयभन्दा बढी नागरिक बेपत्ता भएको, द्वन्द्वका नाममा नौ सय ४६ जना मारिएका, ३३ जना बेपत्ता भएका, दुई सय एकजना अपहरणमा परेको तीन सय २३ महिलाको सिउँदो पुछिएको मार्मिक विषय र तथ्य-तथ्यांक प्रस्तुत छ । धेरैजना अपांग भई वैशाखी र ह्वील चियरको सहायतमा जीवन बिताउनुपरेको तथा एक सय ८० जना बालबालिकाले बाबुआमा दुवै गुमाएर अभिभावकविहीन बन्नुपरेको तथा घरपरिवार नै छाड्न बाध्य भएका घटनासम्बन्धी विषयवस्तु समावेश छ ।

संग्रहमा शिक्षा, स्वास्थ्य तथा भैतिक पूर्वाधारको क्षेत्रमा समेत ठूलो नोक्सानी भएको विगतको सशस्त्र द्वन्द्वको फाइदा टाठाबाठाले लिन सफल भए पनि गरिब र निमुखा भने अहिले पनि मारमै रहेको घटना उल्लेख छ । द्वन्द्वको चुरो कुरोदेखि त्यो इतिहास र यो जनयुद्ध, सबैले पाएको कष्ठ उस्तै, विवाहको महत्व थाहै नपाई विधवा भइयो, सहिदमार्गको नालीबेली, केही नयाँ छैन भन्नेलगायतका शीर्षकमा विविध विषय समेटिएको छ ।

संग्रहका लेखक सुनुवारले रोल्पामा महिला, बालबालिकाले युद्धमा के भोगे र अहिले के भयो भन्ने विषयवस्तुको सेरोफेरोमा रही कृति लेखिएको जानकारी दिए ।

# 'सहज जीवनयापनका लागि सीप आवश्यक'



**जीवन लम्तरी**, मेकअप आर्टिस्ट

**सौन्दर्यकला अर्थात मेकअप आर्टिष्टको क्षेत्रमा एक दशक देखि सकृय रूपले लागि पर्दै आईरहेका जीवन लम्तारीको व्यस्तता अहिले झन बढ्दो छ । उनले सौन्दर्यकलाको क्षेत्रमा पुऱ्याएको उच्च योगदानको कदरस्वरूप बिभिन्न संघ, सस्थाबाट पुरस्कृत र सम्मानित भई सकेका छन् । उनको जन्म पाल्पा ७, तान्सेनमा भएको हो । आत्मिय र फरासिलो स्वभाव, सहयोगी भावना र मिठो बोलीचालीका धनि लम्तरीले चलचित्र वारेण्ट, अन्दाज, विवश, दिलमा सजाय तिमिलाई, लावारिस, सिष्टम आदिमा मेकअप आर्टिष्टको रूपमा काम गरिसकेका छन् । भोजपुरी चलचित्र क्षेत्रमा समेत आफ्नो कलाकौशलता देखाई सकेका लम्तरीले साजनकी दिवानी, हमतो दिवान हो गएनी, अब ई रूवाफमा काम गरेका छन् । दर्जन बढी म्युनिक भिडियोमा काम गरिसकेका व्यस्त मेकअप आर्टिष्ट जीवन लम्तरीसँग प्रभाव दैनिकका लागि गरेको कुराकानीः**

- **पछिल्लो समय केमा व्यस्त हुनुहुन्छ ?**

– चलचित्रको काममा नै प्राय समय बित्ने गरेको छ । चलचित्र नभएको समयमा म्युजिक भिडियोहरूमा व्यस्त हुने गरेको छु ।

- **यो क्षेत्रमा आउँछु भन्ने लागेको थियो सुरूमा ?**

– स्कुले जीवनमा यो नै क्षेत्रमा काम गर्ने भन्ने कुनै सोच थिएन । समय बित्दै गएपछि आफ्नै हातमा केही न केही सिप भए जीवनयापनमा सहज हुने ठानी यो ब्यवसाय रोजेको हुँ । आफ्नै पौरखमा बाँच्न सकिने, कसैको अण्डरमा बस्नु नपर्ने, आत्मिय ब्यवहारको वातावरण, आफ्नो ईच्छाको मालिक बन्न पाईने, असाध्यै ठुलो शैक्षिक योग्यताको पनि आवश्यकता नपर्ने र सबै भन्दा ठुलो कुरा त लोकप्रिय कलाकारहरूको अनुहार श्रृंगार्ने काम र आफ्नो कामबाट उहाँहरूमा देखिने आत्मसन्तुष्टिले मेरो मष्तिस्कमा यो पेशाप्रति सकारात्मक र गहिरो छाप पर्यो । त्यही प्रभाव मलाई प्रोत्साहित गर्ने पहिलो आधार बन्यो पछि मैले यसका लागि आवश्यक प्रशिक्षण, ज्ञान हासिल गरेर पेशाको रूपमा काम सुरु गरेको हुँ ।

- **पेशाको रूपमा कहिलेबाट लाग्नु भो ?**

– एक दशक बढी भयो । सुरुवात नै मैले योजना र उद्धेश्यका साथ यो यात्रा तय गरेकाले पनि आजसम्म निरन्तरता दिन पाएको छु ।

- **कत्तिको सन्तुष्ट हुनुहन्छ ?**

– बिगतलाई फर्केर हेर्दा, यहाँसम्मको यात्रा र अहिलेको अवस्थालाई नियाल्दा मेकअप आर्टिष्ट पेशाबाट कला क्षेत्रमा देखिएको सम्भावना र आर्थिक परिवर्तनसंगै सामाजिक पहिचान, ब्यक्ति स्वयंमा आत्मनिर्भर र आत्मविश्वास साथै आफ्नो शिप र कला मार्फत अर्कालाई सजाउँदा उहाँहरूमा देखिने उत्साह र खुशिले साच्चै सन्तुष्टी मिलेको महसुश हुन्छ ।

- **यो पेशामा चुनौती र संघर्ष कत्तिको छ ?**

– काम गर्ने सिलसिलामा बिभिन्न चुनौती, बाधा, अप्ठ्यारा र पिडा मलाई पनि भयो । तर, जीवनको अर्को नाम पनि हुँदो रहेछ संघर्ष त्यहि संघर्षलाई मैले निरन्तरता दिएँ । संधै आफ्नो कामलाई सजगताका साथ ईमन्दारी, साहसी उर्जावान, शहनशिलता र त्यागलाई आत्मसाथ गरि अगाडी बढिरहें बढिरहेको नै छु । संघर्ष र जीवन एक रथका दुई पांग्रा रहेछ । मैले संधै सकारात्मक सोच बोकेको हुनाले यहि सोचले मलाई खुसी राख्नमा मद्दत गरिरह्यो ।

- **मेकअप अर्थात् सौन्दर्य क्षेत्रमा महिलाको संख्या कम भए जस्तो लाग्दैन ?**

– चलचित्र वा म्युजिक भिडियोमा मेकअप आर्टिष्टको रूपमा काम गर्ने महिला भन्दा पुरुष नै बढी हुनुहुन्छ । सौन्दर्यकलामा लाग्नु भएका महिला दिदी, बहिनीहरू चलचित्रमा भन्दा पनि ब्युटिपार्लर व्यवसायमा सकृय देखिन्छ । कतिपय महिलाहरू आफ्नो ब्यक्तित्व र आफुले गरेको कार्यले आफ्नो निजी पहिचान बनाउन सफल हुनुहुन्छ ।

- **यो पेशाप्रति तपाईको धारणा के छ ?**

– यो पेशा संवेदनशील छ । आफ्नो उत्तमकरियर निर्धारण गर्ने थलो पनि हो । सौन्दर्यकला पेशा एक यस्तो माध्येम हो जसमा बिबिध बिषय वस्तुहरू मिश्रीत रूपमा रहेका हुन्छन् । यस अन्तर्गत स्क्रीन, हेयर, मेकअप, नेलदेखि लिएर सौन्दर्यसंग सम्बन्धि अनेकन बिषयहरू पर्दछन् । सिनेमाका कलाकार हुन् वा आम मानिस मेकअपबिनाको सौन्दर्य सोच्न पनि मुश्किल हुन्छ ।



## काभा यू-२० महिला भलिबल

# माल्दिभ्सलाई पराजित गर्दै नेपालको पहिलो जित




■ प्रभाव संवाददाता

**काठमाडौँ–** माल्दिभ्समा भइरहेको काभा यु-२० महिला भलिबल च्याम्पियनसिपमा नेपालले पहिलो जित हासिल गरेको छ । माले सिटीस्थित सोसल सेन्टरमा शनिबार भएको खेलमा नेपालले घरेलु टोली माल्दिभ्सलाई ३-० को सोझो सेटमा पराजित गरेको हो । नेपालले माल्दिभ्सलाई २५-१६, २५-९ र २५-१० ले पराजित गऱ्यो । यसअघि लगातार दुई खेलमा पराजित भएको नेपाल माल्दिभ्सलाई हराएपछि चार टोली सहभागी च्याम्पियनसिपमा २ अंकसहित तेस्रो स्थानमा छ । सबै तीन खेल हारेको माल्दिभ्स अंकविहीन छ ।

पहिलो खेलमा नेपाल श्रीलंकासँग ३-१ सेटमा पराजित भएको थियो भने दोस्रो खेलमा किर्गिस्तानसँग ३-० को सेटमा पराजित भएको थियो ।

अब शनिबारै हुने किर्गिस्तान र श्रीलंकाबीचको खेलपछि नेपालको सेमिफाइनल प्रतिद्वन्द्वी तय हुनेछ । किर्गिस्तान र श्रीलंका दुवैले यसअघि दुई खेल जित्दै समान ४ अंक जोडेका छन् । यी दुई बिचको खेलमा पराजित हुने टोलीसँग नेपालले सेमिफाइनल खेल्नेछ । सेमिफाइनलका दुवै खेल आउने सोमबार हुनेछ । फाइनल खेल मंगलबार हुनेछ ।

# नेपाल र रसियाबीचको भलिबल आजदेखि

■ प्रभाव संवाददाता




**काठमाडौँ–** नेपाली राष्ट्रिय महिला भलिबल टोली र रसियन टोलीबिच हुने मैत्रीपूर्ण खेल आइतबारदेखि सुरु हुने भएको छ । शनिबार नेपाल भलिबल संघले पत्रकार सम्मेलन गरी नेपाल र रसियन टोलीबिचको दुई मैत्रीपूर्ण खेल साउन ६ र ७ गते त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा हुने जानकारी दिइयो ।

नेपालले काभा महिला नेसन्स लिगको तयारीका लागि रसियासँग मैत्रीपूर्ण खेल खेल्न लागेको हो । नेपालस्थित रसियाको दूतावासको विशेष सहयोगमा मैत्रीपूर्ण खेल आयोजना हुनेछ । नेपालले मैत्रीपूर्ण खेल र प्रतियोगिताका लागि १४ सदस्यीय टोली घोषणा गरिसकेको छ । अरुणा शाहीको कप्तानीमा दुई नयाँ खेलाडी समेट्दै टोली घोषणा भएको हो । टोलीको प्रशिक्षक जगदीश भट्ट छन् । उनलाई सहायक प्रशिक्षकमा भरत यादव र रूपेश विष्टले साथ दिएका छन् ।

नेपालको टोलीमा अरुणा शाही, सरस्वती चौधरी, सलिना श्रेष्ठ, सफिया पुन, निरुता ठगुन्ना, संगम महतो, पुनम चन्द, कामना विष्ट, उषा भण्डारी, शान्तिकला तामाङ, कविता भट्ट, प्रगति नाथ, सुमित्रा रेग्मी र आरती सुवेदी रहेका छन् ।

नेपालसहित पाँच राष्ट्र सहभागी हुने प्रतियोगिता साउन १७ देखि २३ गतेसम्म दशरथ रंगशालास्थित कभर्ड हलमा चल्नेछ । नेपालसँगै इरान, भारत, श्रीलंका र माल्दिभ्सले प्रतियोगिता खेल्नेछन् ।

## बाबरसहित तीन खेलाडीलाई फ्रेन्चाइजी क्रिकेटमा रोक

**काठमाडौँ (एजेन्सी)–** पाकिस्तान क्रिकेट बोर्डले बाबर आजम, शाहिन शाह अफ्रिदी र मोहमद रिजवानलाई क्यानडामा हुने ग्लोबल टी-२० खेल्नबाट रोकेको छ । तीन खेलाडीले मागेको नो अब्जेक्सन पत्र दिन अस्वीकार गर्दै बोर्डले पाकिस्तानको आगामी आठ महिनामा राष्ट्रिय टिमको व्यस्त तालिका भएकोले उनीहरूलाई पत्र नदिने निर्णय गरेको स्पष्ट गरेको छ ।

बोर्डले आगामी आठ पहिनामा पाकिस्तानले १४ एकदिवसीय, ९ टी-२० र ९ टेस्ट खेल खेल्ने तालिका रहेको तथा आउदो बर्ष च्याम्पियन्स ट्रफीसमेत खेल्ने तालिका रहेकोले उनीहरूको राष्ट्रिय टिममा बढी आवश्यकता रहेको बताएको छ । यस अघि बोर्डले बलर नसीम शाहलाई पनि फ्रेन्चाईजी लिग खेल्न अनुमति दिन अस्वीकार गरेको थियो । त्यस्तै बोर्डले आसिफ अली, इफ्तिखार अहमद, मोहमद आमिर र मोहमद नवाजलाई भने ग्लोबल टी-२० खेल्न अनुमति दिएको छ ।

# स्थापना दिवसमा देशैभरि चेस

■ प्रभाव संवाददाता

**ललितपुर –** विश्व बुद्धिचाल महासंघ (फिडे) को स्थापना भएको १०० वर्ष पुगेको अवसरमा शनिबार देशभरका १० ठाउँमा बुद्धिचाल खेल सञ्चालन भएको छ । नेपाल बुद्धिचाल महासंघको तत्वावधानमा काठमाडौं, ललितपुर, भक्तपुर, पोखरा, झापा, सुदुरपश्चिम, कञ्चनपुर र धरान शहरका १० स्थानमा एकै दिन बुद्धिचाल खेल खेलाइएको हो ।

काठमाडौंको वसुन्धारामा भएको प्रथम जीएसी अन्तर्राष्ट्रिय चेस प्रतियोगितामा रामभक्त श्रेष्ठ प्रथम, सुजन काफ्ले द्वितीय र सुरेन्द्र लामा तृतीय भएका छन् । कञ्चनपुरमा भएको नेपाल प्रथम सार्क खुल्ला चेसमा धनबहादुर बोगटी प्रथम, दीर्घराज जोशी र वसन्त रावल तृतीय भएका छन् ।

भक्तपुर जिल्ला खुल्ला फिडे १०० ब्लिज खेलमा क्षितिज भण्डारी प्रथम, पुरुषोत्तम सिलवाल र बद्रीलाल नेपाली तृतीय स्थानमा रहन सफल भएका छन् । ललितपुरको महालक्ष्मी नगरपालिकामा भएको जेजेज्ज क्याफे फ्रेण्डली रेटिङ चेसमा आशिष फुयाल, गोविन्दप्रसाद पौडेल र हर्कबहादुर चोङ्वाङ तृतीय हुन सफल भएका छन् ।

पोखरामा सम्पन्न सुजेन्द्रप्रसाद श्रेष्ठ स्मृति भेट्रान चेस प्रतियोगितामा रामबहादुर क्षेत्री, बुद्धिराज शर्मा र बिनोद नाल्मि तृतीय भएका छन् ।

नेपालका विभिन्न जिल्लामा सम्पन्न भएका खेलहरूमा ५०० भन्दा बढी नेपाली खेलाडीहरूले गिनिस बुक वर्ड रेकर्ड अन्तर्गत नाम राख्न सफल भएका छन्। नेपाली विजेता खेलाडीहरूलाई स्थानीय पालिकाका जनप्रतिनिधिहरूले पुरस्कार वितरण गरेका छन् । विश्व बुद्धिचाल महासंघ (फिडे) को स्थापना सन् १९२४ जुलाई २० का दिन स्वीटजरल्याण्डको जुरिचमा भएको थियो ।



जापानको टोकियोमा ओबोन महोत्सवको पूर्वसन्ध्यामा परम्परागत नृत्य प्रस्तुत गर्दै । ओबोन पर्व शताब्दीयौं पुरानो चलन हो जुन पर्व मृतक परिवारका सदस्य र साथीहरूको सम्मानमा मनाइने गर्दछ ।

*तस्बिरः सिन्ह्वा*

# विश्वव्यापी प्राविधिक समस्याबाट प्रभावित एयरलाइन्स सेवा पुनः सञ्चालनमा




**पेरिस, फ्रान्स–** माइक्रोसफ्ट प्रोग्रामको एन्टिभाइरस अद्यावधिकको समयमा भएको विश्वव्यापी प्राविधिक अवरोधका कारण प्रभावित बैंक, वित्तीय संस्था, एयरलाइन्सलगायतका सेवाहरू शनिबारदेखि बिस्तारै लयमा फर्किरहेका छन् । अद्यावधिकको समयमा शुक्रबार विश्वव्यापी आइटी प्रणालीमा आएको अवरोधपछि दर्जनौं उडानहरू रद्द भएका थिए । एसियाका हङकङ, दक्षिण कोरिया र थाइल्यान्डलगायतका एयरपोर्ट चेक-इन सेवा पुनःसञ्चालनमा आएका छन् । भारत, इन्डोनेसिया सिंगापुरका एयरपोर्टले शनिबार नै सामान्य अवस्थामा फर्किने बताएका थिए ।

थाइल्यान्डका एयरपोर्टहरूमा चेक-इन प्रणाली सामान्य अवस्थामा फर्किएको राष्ट्रपति किराती किटमानावतले बताए । साइबर सुरक्षा फर्म क्राउडस्ट्राइकले माइक्रोसफ्ट विन्डोजलाई असर गर्ने त्रुटिपूर्ण सफ्टवेयर अद्यावधिक गर्ने क्रममा बिहीबार विश्वव्यापी प्राविधिक समस्या सुरु भएको माइक्रोसफ्टले जनाएको छ । क्राउडस्ट्राइकले उत्पन्न समस्याको समाधान भएको बताउँदै कम्पनीका सञ्चालक जर्ज कुर्ट्जले प्रभावित सबै निकायसँग माफी मागेको अमेरिकी समाचार च्यानल सिएनबिसीले जनाएको छ । क्राउडस्ट्राइकले समस्याबाट प्रभावितहरूसँग सम्पर्कमा रही आवश्यकताअनुसार सहयोग प्रदान गर्न तयार भएको अमेरिकी राष्ट्रपति जो बाइडेनको टोलीले विज्ञप्तिमार्फत जनाएको छ ।

बेलायतको स्काइ समाचार संस्थाले समाचार प्रसारणमा आएको समस्या समाधान भएको बताएको छ । अस्ट्रेलियाको एबिसीले पनि प्रसारणमा समस्या आएको रिपोर्ट गरेको थियो । अस्ट्रेलियामा सेवाहरू हाल सामान्य लयमा फर्केको भएता पनि सिड्नी एयरपोर्टले यो समाचार तयार पार्दासम्म उडानमा ढिलाइ भएको रिपोर्ट गरिरहेको थियो ।

केन्या र युक्रेनका बैंकिङ एवं अन्य सेवामा आएको प्रविधिक समस्याले धेरै ग्राहकहरू प्रभावित भएको गुनासो गरेको थियो । अमेरिकी संघीय उड्डयन प्रशासन (एफएए) ले सबै उडानहरू बन्द गर्ने आदेश दिएको थियो । यद्यपि एयरलाइन्सले पछि आफ्ना सेवाहरू पुनःस्थापना गरिरहेको जनाएका छन् । भारतीय एयरलाइन्स इन्डिगोले सामाजिक सञ्जाल एक्समार्फत समस्या समाधान भएको जनाएको छ ।

यसैबीच चिनियाँ सरकारी मिडियाले बेइजिङका विमानस्थल तथा उडान सेवाहरू विश्वव्यापी आउटेजले प्रभावित नभएको जनाएको छ । युरोपमा बर्लिनलगायत प्रमुख एयरपोर्टहरूले शुक्रबार सबै उडानहरू स्थगित गरेका थिए भने हाल सेवाहरू पुनः सुरु भएको बताएका छन् ।

कम्पनीका सञ्चालक कुर्ट्जले शुक्रबार आएको समस्याबाट प्रभावित ग्राहकहरूलाई मद्दत गर्न कम्पनीका कर्मचारीहरू पूर्णरूपमा परिचालन गरिएको विज्ञप्तिमार्फत उल्लेख गरेका छन् । विश्वव्यापी सफ्टवेयरमा आएको यस्तो समस्याले एकै समयमा धेरै सेवाहरू प्रभावित हुनसक्ने भएकाले पूर्वाधारहरू सामान्य समस्याहरूविरुद्ध लचिलो हुनेगरी विकास गर्न आवश्यक रहेको बेलायतको योर्क विश्वविद्यालयका प्राध्यापक जोन म्याकडर्मिडले बताए । *रासस⁄एएफपी*

### इजरायललाई संयुक्त राष्ट्रसंघीय अदालतको आग्रह

# कब्जा गरिएका प्यालेस्टिनी क्षेत्रबाट चाँडै हट्नू




**दहेग (नेदरल्यान्ड)–** अन्तर्राष्ट्रिय न्याय अदालत (आइसिजे)ले इजरायललाई गैरकानुनीरूपमा कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रबाट चाँडोभन्दा चाँडो हट्न आग्रह गरेको छ ।

हेगस्थित राष्ट्रसंघीय अदालतको सार्वजनिक सत्रमा, आइसिजेका अध्यक्ष न्यायाधीश नवाफ सलामले पूर्वी जेरुसेलमलगायत प्यालेस्टिनी क्षेत्रमा इजरायली कब्जाको कानुनी परिणामबारे संयुक्त राष्ट्र महासभाको अनुरोधमा राय प्रस्तुत गरेका थिए । यसै क्रममा प्यालेस्टिनी क्षेत्रमा इजरायलको उपस्थिति गैरकानुनी भएको उनले उल्लेख गरेका हुन् ।

कब्जा गरिएका प्यालेस्टिनी क्षेत्रका प्रभावित प्राकृतिक तथा कानुनी व्यक्तिहरूलाई क्षतिपूर्ति उपलब्ध गराउने दायित्व इजरायलको भएको अदालतको गैरबाध्यकारी प्रतिवेदनमा उल्लेख छ । अदालतले राष्ट्रसंघलगायत राज्य र अन्तर्राष्ट्रिय संस्थाहरू प्यालेस्टिनी क्षेत्रमा इजरायलको गैरकानुनी उपस्थितिलाई कानुनी मान्यता नदिने पक्षमा रहेको उल्लेख गरेको छ ।

महासभा र सुरक्षा परिषद्ले कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रमा इजरायलको गैरकानुनी उपस्थितिलाई सकेसम्म चाँडो अन्त्य गर्न आवश्यक कदम र कार्यहरू निर्धारण गर्नुपर्ने आवश्यकता औंल्याएको छ ।

सन् २०२२ डिसेम्बर ३० मा संयुक्त राष्ट्र महासभाले पूर्वी जेरुसेलमलगायत प्यालेस्टिनी क्षेत्रमा इजरायलको कब्जाको कानुनी परिणामबारेमा सल्लाहकारलाई राय प्रदान गर्न आइसिजेलाई अनुरोध गर्ने प्रस्ताव पारित गरेको थियो । सन् २०२४ फेब्रुअरीमा आइसिजेले आयोजना गरेको सार्वजनिक सुनुवाइमा प्यालेस्टाइनलगायतका ४९ वटा सदस्य राष्ट्र र तीनवटा अन्तर ाष्ट्रिय संस्थाहरूले यस विषयमा मौखिक वयान दिएका थिए ।

उक्त सुनुवाइमा प्यालेस्टाइनका राष्ट्रसंघीय दूत रियाद मन्सुरले प्यालेस्टिनी क्षेत्रमा इजरायलको कब्जालाई अवैध घोषणा गर्न आग्रह गरेका थिए । तर, इजरायली प्रधानमन्त्रीको कार्यालयले भने सुनुवाइको वैधतालाई अस्वीकार गरेको थियो । कार्यालयले सो अवसरमा सहभागीहरूले इजरायलको आत्मरक्षाको अधिकारलाई अझ कमजोर पार्ने प्रयास गरेकोसमेत आरोप लगाएको थियो । *रासस⁄सिन्ह्वा*

## हिंसात्मक आन्दोलनका कारण प्रधानमन्त्री हसिनाको विदेश भ्रमण रद्द



**ढाका (बंगलादेश)–** बंगलादेशमा प्रदर्शनकारी विद्यार्थी र प्रहरीबीचको झडपपछि प्रधानमन्त्री शेख हसिनाले विदेश भ्रमण रद्द गरेकी छन् । आन्दोलनले चर्को रूप लिँदै गएपछि मुलुकका विभिन्न सहरमा सैनिक तैनाथ गरिएको छ ।

अस्पतालका झडपमा अहिलेसम्म १०५ जनाले ज्यान गुमाइसकेका छन् । बंगलादेशमा जारी आन्दोलन नियन्त्रण गर्न प्रहरी असफल भएपछि प्रधानमन्त्रीको कार्यालयले शुक्रबार मध्यरातबाट सेना परिचालन र कफर्चू आदेश जारी गरेको छ । सरकारले नागरिकको सहायताका लागि कफर्चु लगाउने र सेना तैनाथ गर्ने निर्णय गरेको प्रधानमन्त्री हसिनाका प्रेस सचिव नईमुल इस्लाम खानले बताएका छन् ।

राजधानी ढाकाका सडकहरू शनिबार बिहानैदेखि सुनसान थिए । सेना र बख्तरबन्द कर्मचारीवाहकले गस्ती गरेका थिए । यसै क्रममा कफर्चूलाई बेवास्ता गर्नेलाई प्रहरीले घर फर्काएको थियो ।

कफर्चु आज (आइतबार)सम्म कायम रहने निजी प्रसारण च्यानल-२४ ले रिपोर्ट गरेको छ । प्रधानमन्त्री हसिनाको आइतबारका लागि तय भएको स्पेन र ब्राजिलको भ्रमण विद्यमान अवस्थाका कारण रद्द गरिएको उनका प्रेस सचिव खानले जानकारी दिएका छन् । *रासस⁄एएफपी*

## रूसमा रोकिएका एयर इन्डियाका यात्रु सान फ्रान्सिस्को प्रस्थान

नयाँदिल्ली- रुसमा रोकिएका एयर इन्डियाका यात्रुहरू सान फ्रान्सिसको प्रस्थान गरेका छन् । एयर इन्डियाको दिल्ली-सान फ्रान्सिस्को उडानमा प्राविधिक समस्या देखिएपछि रुसको क्रास्नोयार्स्क विमानस्थलमा आकस्मिक गरिएको थियो ।

एयर इन्डियाले सामाजिक सञ्जाल एक्समार्फत उक्त विमान रुसबाट सान फ्रान्सिसको प्रस्थान गरिसकेको जनाएको छ । एयर इन्डियाको एआई-११७९ विमान क्रस्नोयार्स्कबाट सान फ्रान्सिस्को (एसएफओ)को लागि सबै यात्रु तथा चालक दलका सदस्य लिएर उडान भरेको एयर इन्डियाले जनाएको छ । उडानपछि मस्कोस्थित भारतीय दूतावासले पनि यात्रुहरूलाई सहयोग गरेकोमा रुसको विदेश मन्त्रालय लगायत अन्य सहयोगी निकायहरूलाई धन्यवाद दिएको छ ।

यसअघि एयर इन्डियाले प्राविधिक समस्याका कारण क्रास्नोयार्स्क विमानस्थलमा फसेका विमानका यात्रुलाई सान फ्रान्सिसको पुऱ्याउन राहत उडानका लागि स्वीकृति प्राप्त गरेको बताएको थियो । *रासस⁄एएनआई*

## मेक्सिकोका एक आदिवासी अधिकारकर्मी र उनको परिवारको गोली हानी हत्या

**मेक्सिको–** मेक्सिकोका एक आदिवासी अधिकारकर्मी र उनको परिवारको अज्ञात समूहद्वारा गोली हानी हत्या गरेको अभियोजकको कार्यालयले शुक्रबार जनाएको छ ।

दक्षिणी राज्य ओक्साकाको राजमार्गमा यात्रा गरिरहेका अधिकारकर्मी लोरेन्जो सान्टोस टोरेस र उनको परिवार सवार पिक-अप ट्रक रोकेर बिहीबार गोली हानी हत्या गरिएको थियो । त्यसपछि आक्रमणकारीहरूले टोरेस र उनको परिवारलाई भित्र राखेर गाडीमा आगो लगाइदिएको राज्य अभियोजकको कार्यालयले जनाएको छ ।

'हिंसात्मक तरिकाले भएको अपराधको हामी निन्दा गर्दछौं,' राज्य अभियोजक बर्नार्डो रोड्रिग्ज अलामिलाले पत्रकारहरूलाई भने । उनले उक्त आक्रमण 'बदलाको भावनाबाट प्रेरित' भएको हुनसक्ने बताए । सान्तोस टोरेस ओक्साकामा सक्रिय मानवअधिकार अभियानकर्ता थिए । आदिवासीका लागि मानवअधिकार तथा परामर्श केन्द्र (सेडापी) का अनुसार आदिवासी समुदायको राजनीतिक, सामाजिक र भूमि अधिकारको रक्षाका लागि गरिएको कामका लागि उनलाई धम्की आएको थियो ।

'लोरेन्जो सान्टोस टोरेसले सान्टियागो अमोलटेपेक सहरको नगरपालिकाका अधिकारीहरूले गरेको अन्यायको विरोध गरेका थिए,' हत्याराहरूलाई सजाय दिन आह्वान गर्दै सेडापीले भन्यो । लामो समयदेखि लागुऔषध तस्करी र कृषि भूमिसम्बन्धी विवादसँग जुधिरहेको मेक्सिकोमा हालैका वर्षहरूमा धेरै मानवअधिकारकर्मीको हत्या भएको छ । *रासस⁄एएफपी*

# महिला हिंसाको मजाक बनाएको भन्दै ब्राजिलका राष्ट्रपतिको आलोचना



**रियो डी जेनेरियो–** ब्राजिलका राष्ट्रपति लुइज इनासिओ लुला दा सिल्भाले यस हप्ता महिलाविरुद्ध हुने हिंसाको विषयमा मजाक गरेपछि विवाद सिर्जना भएको छ ।

ब्रासिलियाका मन्त्री र व्यापारिक नेताहरूसँगको वार्तामा राष्ट्रपति लुलाले महिलाविरुद्ध बढ्दो दुर्व्यवहारको नयाँ तथ्यांक एक 'दुखद समाचार' रहेको बताए ।

त्यसपश्चात् फुटबल खेलहरूमा प्रायः महिलाविरुद्धको दुर्व्यवहार बढ्दो हुने भन्ने विषयमा भएको एउटा अध्ययनमा प्रतिक्रिया दिँदै ७८ वर्षीया राष्ट्रपतिले आफ्नो मनपर्ने फुटबल टोलीलाई जोड्दै 'यदि हिंसा गर्ने व्यक्ति कोरिन्थियन टोलीका प्रशंसक हो भने, ठीक छ,' भनेर मजाक गरेका थिए ।

प्रत्यक्ष प्रसारण गरिएको राष्ट्रपतिको उक्त अभिव्यक्तिले व्यापक आलोचना निम्त्याएको छ । 'लुलाको यो टिप्पणी कुनै पनि सन्दर्भमा हास्यास्पद छैन । राष्ट्रपतिको यस्तो मजाकले महिला हिंसासम्बन्धी ब्राजिल त्रासदीलाई सामान्य बनाउँछ । सन् २०१५ देखि कम्तीमा १० हजार ६०० महिला हिंसाको सिकार भएका छन्,' एम्नेस्टी इन्टरनेसनलले सामाजिक सञ्जाल एक्समा लेखेको छ । एम्नेस्टीले खेलको समयमा महिलाविरुद्ध शारीरिक आक्रामकता २१ प्रतिशतले बढेको प्रतिवेदनलाई उद्धृत गर्दै भनेको छ, 'यो ठीक होइन ।'

पूर्वराष्ट्रपति जायर बोल्सोनारो पनि लुलाले अभिव्यक्तिलाई 'मूर्खतापूर्ण' रहेको बताएका छन् । राष्ट्रपतिको वामपन्थी श्रेणीभित्रबाट पनि भर्त्सना गरिएको थियो । कांग्रेस महिला फर्नान्डा मेल्चियोन्नाले सामाजिक सञ्जाल एक्समा पोस्ट गरिन्, 'घरेलु हिंसा कुनै मजाक होइन ।' *रासस⁄एएफपी*

# चीनमा पुल खस्दा ११ जनाको मृत्यु, ३० बेपत्ता



**बेइजिङ–** भारी वर्षाका कारण उत्तरी चीनमा राजमार्गअन्तर्गतको पुल नदीमा खस्दा ११ जनाको मृत्यु भएको छ भने ३० जनाभन्दा बढी बेपत्ता भएको सरकारी प्रसारणकर्ता सिसिटिभीले शनिबार जनाएको छ ।

प्रान्तीय जनसम्पर्क विभागलाई उद्धृत गर्दै आधिकारिक समाचार एजेन्सी सिन्ह्वाका अनुसार शुक्रबार राति करिब ८:४० बजेको भीषण वर्षाले निम्त्याएको आकस्मिक बाढीका कारण सानक्सी प्रान्तको सांलुओ नदीमा रहेको पुल भत्किएको बताएको छ । राजमार्गको पुल नदीमा खसेपछि लगभग २० वटा सवारीसाधन र ३० जनाभन्दा बढी व्यक्ति बेपत्ता भएको सिसिटिभीले बताएको छ । 'हालसम्म उद्धार गरिएका पाँचवटा गाडीभित्र ११ जनाको शव फेला परेको हो,' सञ्चारमाध्यमले बताएको छ ।

राज्यको टिभीमा सार्वजनिक गरिएको तस्बिरमा पुलको आंशिक भाग नदीमा डुबेको देखाइएको छ । उत्तरी र मध्य चीनमा मंगलबारदेखिको निरन्तर वर्षाले यहाँको भूभाग बाढीपहिरोबाट प्रभावित भएको छ । राज्य सञ्चालित सञ्चारमाध्यमले शुक्रबार सानक्सीको बाओजी सहरमा आएको बाढीपहिरोबाट पाँच जनाको मृत्यु भएको र आठ जना बेपत्ता भएको जनाएको छ । *रासस⁄एएफपी*


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - १४७५०० | प्रति तोला - १४६८०० | प्रति तोला - १८३० |



**हरियाली पोखरा** | कास्कीको पोखरा महानगरपालिका-१६ स्थित ढिकीडाँडाबाट देखिएको पर्यटकीय राजधानी पोखरा र आसपासको हरियाली दृश्य ।
*तस्बिर: धनबहादुर गुरुङ/रासस*

# २४ खर्ब ३४ अर्ब नाघ्यो सरकारी ऋण

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले तिर्न बाँकी कुल सार्वजनिक ऋण रु २४ खर्ब ३४ अर्ब तीन करोड नाघेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा मात्र रु एक खर्ब ३४ अर्ब ६८ करोड ४१ लाख सरकारी ऋण थपिएको छ ।

कार्यालयले प्रकाशित गरेको '२०८१ असार मसान्तसम्मको सार्वजनिक ऋणको संक्षिप्त प्रतिवेदन' अनुसार २०८० साउनमा रु २२ खर्ब ९९ अर्ब ३५ करोड बराबर रहेको सरकारी ऋण २०८१ असार समान्तसम्म बढेर रु २४ खर्ब ३४ अर्ब तीन करोड ६५ लाख पुगेको हो। वैदेशिक मुद्राको समायोजनपछिको बाँकी ऋण दायित्व रु २४ खर्ब ३३ अर्ब २३ करोड ९४ लाख बराबर छ। गत आर्थिक वर्षको अन्त्यसम्ममा कुल गार्हस्थ्य उत्पादन (जिडिपी)




को आधारमा सार्वजनिक ऋणको प्रतिशत ४२ दशमलव ६५ प्रतिशत बराबर हो ।

कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋणको दायित्व ११ खर्ब ८० अर्ब ९० करोड १८ लाख अर्थात् जिडिपीको २० दशमलव ७० प्रतिशत र बाह्य ऋणको दायित्व रु १२ खर्ब ५२ अर्ब ३३ करोड ७६ लाख अर्थात् जिडिपीको २१ दशमलव ९५ प्रतिशत पुगेको छ । गत आर्थिक वर्ष २०८०/८१ मा सरकारले जम्मा चार खर्ब ५२ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकोमा असार मसान्तसम्ममा रु तीन खर्ब ५८ अर्ब दुई करोड ९५ लाख ऋण प्राप्ति भएको कार्यालयले जनाएको छ । वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋण प्राप्ति ७९ दशमलव ०८ प्रतिशत छ ।

गत आर्थिक वर्षका लागि ऋण परिचालनको लक्ष्यमध्ये आन्तरिक ऋण प्राप्ति ९७ दशमलव ६८ र बाह्य ऋण ५८ दशमलव १० प्रतिशत रहेको छ । आन्तरिकतर्फ रु दुई खर्ब ४० अर्ब ऋण उठाउने लक्ष्य रहेकोमा रु दुई खर्ब ३४ अर्ब ४२ करोड उठाइएइको छ भने बाह्यतर्फ रु दुई खर्ब १२ अर्ब ७५ करोड ऋण उठाउने लक्ष्य रहेकोमा रु एक खर्ब २३ अर्ब ६० करोड बराबर उठाइएको हो ।

गत आर्थिक वर्षमा ऋण सेवा खर्चका लागि रु तीन खर्ब ३० अर्ब वार्षिक बजेट विनियोजन भएकोमा गत असार मसान्तसम्म रु तीन खर्ब पाँच अर्ब ३७ करोड ७१ लाख बराबर भुक्तानी भएको छ । यो वार्षिक विनियोजनको आधारमा ९२ दशमलव ५४ प्रतिशत बराबर हो ।

कुल गार्हस्थ्य उत्पादनको आधारमा कुल ऋण सेवा खर्च पाँच दशमलव ३५ प्रतिशत बराबर हो । गत आर्थिक वर्षमा सरकारले रु दुई खर्ब २३ अर्ब ३४ करोड साँवा भुक्तानी गरेको छ भने रु ८२ अर्ब तीन करोड १७ लाख बराबर ब्याज भुक्तानी गरेको छ ।

# उद्योग मन्त्रालयको सुधारका लागि सुझाव संकलन गर्दै मन्त्री

■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले समग्र मन्त्रालयको सुधारका लागि कार्ययोजना बनाउन विभिन्न पक्षबाट राय सुझाव संकलनका लागि १० दिने अभियान सुरु गरेका छन् । उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्र सुधार कार्ययोजना तयारीसम्बन्धी अन्तरक्रिया आइतबारबाट सुरु हुने मन्त्री भण्डारीको सचिवालयले जनाएको छ । मन्त्रालयमा नै सञ्चालन हुने दश दिने अन्तरक्रियामा हरेक दिन विभिन्न क्षेत्रका व्यक्ति सहभागी हुने जनाइएको छ ।

उद्योगमन्त्री भण्डारीका अनुसार सुधार कार्ययोजनामा समावेश हुने विषयमा कानून तथा नीति परिमार्जन, 'स्टार्टअप'को विकास तथा प्रवर्द्धन, औद्योगिक प्रवर्द्धन, लगानी प्रवर्द्धन, प्रविधि हस्तान्तरण र सीप विकास, उत्पादकत्व अभिवृद्धि, औद्योगिकरण, आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन, बहुपक्षीय तथा द्विपक्षीय व्यापार, विदेशी तथा स्वदेशी लगानी प्रवर्द्धन, औद्योगिक बौद्धिक सम्पत्ति (ट्रेडमार्क, डिजाइन, पेटेन्ट) रहेका छन् ।

संस्थागत सुधार, दर्ता/अनुमति/इजाजत/ स्विकृति/नवीकरण/ खारेजी/एकल विन्दु/अनुगमन, कम्पनी प्रशासन, दर्ता, खारेजी, अद्यावधिक, सार्वजनिक संस्थान व्यवस्थापन/बन्द तथा रुग्ण उद्योग सञ्चालन, औद्योगिक तथा व्यापार पूर्वाधार विकास (औद्योगिक क्षेत्र/विशेष आर्थिक क्षेत्र/औद्योगिक ग्रामलगायत), खानी तथा खनिज पदार्थको अन्वेषण, उत्खनन् इजाजत खानीजन्य उद्योग प्रवर्द्धन, गुणस्तर प्रयोगशाला विकास/प्रमाणिकरण, आपूर्ति व्यवस्थापन, बजार अनुगमन तथा उपभोक्ता हित संरक्षण र हरित औद्योगिक विकासलषयत विषयमा छलफल गरिने जनाइएको छ ।

अन्तरक्रियामा निजी क्षेत्रका छाता संगठन, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत विभिन्न मन्त्रालयका प्रतिनिधि, राष्ट्रिय योजना आयोग, नीति अनुसन्धान प्रतिष्ठान, आर्थिक क्षेत्रका सञ्चारकर्मी, विभिन्न विश्वविद्यालयका प्रतिनिधि, विद्यार्थी संगठनका प्रतिनिधि, उपभोक्ता अधिकारकर्मीहरू, पेशागत संगठनका प्रतिनिधि, सम्बन्धित वस्तुगत महासंघ, प्रत्यक्ष बिक्री सम्बद्ध प्रतिनिधि सहभागी रहने जनाइएको छ ।

## वीरगञ्जमा साढे ६१ करोड राजस्व

**वीरगञ्ज (प्रस)–** वीरगञ्ज महानगरले गत आर्थिक वर्षमा रु ६१ करोड ४७ लाख १७ हजार एक सय ३१ राजस्व संकलन गरेको छ । महानगरले संकलन गरेको उक्त राजस्व अघिल्लो आवको तुलनामा रु चार करोड ४५ लाख ४३ हजार नौ सय ३० ले बढी हो । महानगरपालिका राजस्व महाशाखा प्रमुख मनोज कर्णले ६१ करोड ४७ लाख राजस्व संकलन गरेको बताए ।

# सडकको दुरावस्थाले ढोरपाटनमा घटे पर्यटक

■ डम्मर बुढामर

**ढोरपाटन (बागलुङ)–** यतिबेला ढोरपाटन क्षेत्र हरियाली भएका छन् । उपत्यकासहित चारै तिरका पहाड र समथर मैदानमा फुलेका रंगीन फूलले आगन्तुकलाई स्वागत गरिरहेका देखिन्छन् । प्रकृतिसँग रमाउन यो याममा धेरै आन्तरिक तथा बाह्य पर्यटक ढोरपाटन पुग्ने गर्छन् ।

वर्षा सुरुभएसँगै यहाँ पुग्ने अधिकांश भागमा बाढीपहिरा र स्तरोन्नतिका कारण सडक बिग्रिदा पर्यटकले सास्ती खेप्नु परेको छ । ढोरपाटनको प्रवेशद्वार बुर्तिबाङ बजारबाट उकालो लाग्नासाथ पर्यटकलाई सास्ती हुने गरेको हो । ढोरपाटन पुग्न राष्ट्रिय प्राथमिकताको योजना सालझण्डी-ढोरपाटन सडकको प्रयोग गर्नुपर्छ । यस बाहेक ढोरपाटन पुग्ने विकल्पका सडक अहिलेसम्म निर्माण भएका छैनन् । बुर्तिबाङबाट ढोरपाटन पुग्न ३२ किलोमिटर दूरी पार गर्नुपर्ने हुन्छ ।

सरकारले दुई वर्ष अगाडि उक्त खण्डको करिब २२ किमी सडक स्तरोन्नति गर्ने भन्दै ठेक्का लगाए पनि हालसम्म काम हुनसकेको छैन । निर्माण कम्पनीले सयममै काम नगर्दा ढोरपाटन पुग्ने पर्यटकले सास्ती खेप्नु परेको हो । नेपालको एक मात्रै सिकार आरक्ष ढोरपाटन सदाबहार सुन्दर देखिए पनि वर्षामा यहाँ पुग्ने कतिपय पर्यटक बीचबाटोमै अलपत्र पर्ने



आवस्था भएको ढोरपाटन नगरपालिका-९ का गमबहादुर पुनले बताए ।

'यो बेला चारैतिर हरियाली हुने हुँदा धेरै पर्यटकका यहाँ पुग्न रुचाउँछन् । सडकको दुरावस्थाका कारण आगन्तुक सहज रूपमा यहाँ पुग्न सक्दैनन् । बुर्तिबाङबाट बोबाङ गाउँसम्म जसोतसो यात्रा गरे पनि त्यसभन्दामाथि यात्रा गर्न निकै कठिन छ', उनले भने ।

साँघुरो सडक खाल्डाखुल्डी र हिलाम्य हुँदा पर्यटकका सवारीसाधान ढोरपाटन पुग्नै सक्दैनन् । यस बेला अधिकांश पर्यटक मोटरसाइकल र जीपमा यात्रा गर्दछन् । कतिपय स्थानमा पहिरो जाने, स्तरोन्नति नहुँदा बिग्रिनेलगायत समस्याले कतिपय पर्यटक बीचबाटोमै अलपत्र पर्ने गरेका पुनले बताए । हिउँदको समयमा पनि यातायातका साधान सहज रूपमा सञ्चालन हुन नसक्ने भन्दै वर्खामा अझ बढी सास्ती हुने उनको भनाइ छ । ट्र्याक खुलेको लामो समय बितिसक्दा एक पटक पनि स्तरोन्नति हुन नसक्दा सबैभन्दा बढी समस्या स्थानीय र पर्यटकले भोग्नु परेको पुनले उल्लेख गरे ।

'ढोरपाटन घुम्ने भनेर टाढाटाढाबाट पर्यटक आउँछन्, बाटोको अवस्थाले कोहीको सवारीसाधन बिग्रिन्छ, अनि बीच बाटोमा गाडी बिग्रिदा धेरै पर्यटक अलपत्र पर्ने गर्छन्', पुनले भने, 'सरोकार भएका निकाय तथा राज्यले ठेकदारलाई समयमा सडक मर्मत गर्न दबाब दिनुपर्ने थियो । आलु, स्याउलगायत यहाँका कृषि उत्पादन बजारसम्म पुऱ्याउन सहज बाटो नहुँदा ढुवानी खर्च धेरै तिर्नुपर्छ, यात्रा पनि ज्यान जोखिममा राखेर गर्छौं ।'

तराई र पहाडलाई जोड्ने गरी रूपन्देहीको सालझण्डीबाट अर्घाखाँची हुँदै बागलुङ ढोरपाटन जोड्ने उक्त खण्ड विसं २०७१ मा ट्र्याक खुलेको थियो । बडिगाडको गंगरेबाट ढोरपाटनसम्म ६१ किलोमिटर सडक बागलुङमा पर्दछ । सालझण्डीबाट ढोरपाटनसम्म एक सय ९७ किलोमिटर रहेको छ । बडिगाड गाउँपालिका-१० गंगरे, निसीखोला गाउँपालिका-७ राजकुट, वडा नं १ देवीस्थान हुँदै ढोरपाटन जोडिएको सडक स्तरोन्नतिका लागि तीन वर्ष अघि ठेक्का सम्झौता भएको थियो ।

सम्झौता मिति सकिँदासम्म जम्मा ३० प्रतिशत मात्रै काम भएको सालझण्डी-ढोरपाटन सडक आयोजना कार्यालयका प्रमुख अञ्जु परियारले जानकारी दिइन् । आयोजना कार्यालयले बुर्तिबाबाट फल्लेघरसम्मको सडक स्तरोन्नति गर्न स्वच्छन्द/ओमबुद्ध जेभीसँग ३० महिनामा सक्ने गरी रु २५ करोडको सम्झौता भएको थियो । सडक स्तरोन्नति समयमै सक्न निर्माण कम्पनीलाई ताकेता गर्दागर्दै म्याद सकिएको उनले बताइत् ।

निर्माण कम्पनीले आगामी पुस मसान्तसम्मका लागि म्याद थप गरेको भन्दै उक्त समयमा नसके सम्झौता रद्द गर्ने तयारी गरिएको प्रमुख परियारले बताइन् । 'निर्माण कम्पनीले सुरुको चरणमा तीव्र गतिमा काम गरेको थियो, पछिपछि काम गरेन, कार्यालयले नियम अनुसार पत्र लेखी ताकेता गरिरहेको छ', उनले भनिन्, 'पुससम्म म्याद थप गरेको छ, सो अवधिसम्म काम नसके ठेक्का तोडिन्छ । बजेट अभावका कारण निर्माण कम्पनीले काम गरेको रु एक करोड भुक्तानी गर्न सकिरहेका छैनौं ।' *रासस*

## विज्ञापन दर/रेट सम्बन्धी सूचना !

**प्रभाव** राष्ट्रिय दैनिकमा आर्थिक वर्ष २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दररेट २०८१ साउन १ देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**ज्याकेट विज्ञापन रू. १५,००,०००/-**

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगीन | श्यामश्वेत |
|---|---|---|
| प्रथम पृष्ठ | रु.२४००/- | रु.२२००/- |
| भित्री पृष्ठ | रु.१६००/- | रु.१४००/- |
| अन्तिम पृष्ठ | रु.२०००/- | रु.१८००/- |

### वर्गीकृत डिस्प्ले

| विवरण | रंगीन | श्यामश्वेत |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु.३,०००/- | रु.१५००/- |
| प्रतिशब्द | रु.३०/- | रु.२५/- |

*नोट : उपरोक्त दररेटमा नेपाल सरकारको कर समावेश गरिएको छैन ।*

**प्रभाव पब्लिकेसन प्रा.लि.**
सिफल-७, काठमाडौं
फोन नं.०१-४३७३५७७, ४५८४३६८
E-mail : marketing2prabhab@gmail.com
website: www.prabhabonline.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक